# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## घोडाघोडी नगरपालिका


### कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## घोडाघोडी नगरपालिका
### कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## घोडाघोडी नगरपालिका

कैलाली

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय, सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५१०

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
घोडाघोडी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
कैलाली ।

**कैफियत सहितको राय**

हामीले घोडाघोडी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. २ करोड ८१ लाख ५५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ४९ लाख ४२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ७३ लाख ७७ हजार, नियमित गर्नुपर्ने रु. १५ लाख ६१ हजार र पेश्की रु. ४२ लाख ७५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ४३ करोड ७७ लाख ७ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरूजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ४६ करोड ५८ लाख ६२ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# घोडाघोडी नगरपालिका, कैलाली

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| १४० | १४७ | २८१५५ | ० | ० | ० | १४० | १४७ | २८१५५ | ४९४२ | १५६१ | १७३७७ | ० | ० | १८९३८ | ४२७५ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| स्थानीय तहको नाम र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| घोडाघोडी नगरपालिका,कैलाली | ४३७७०७ | ० | ० | ४३७७०७ | ० | २८१५५ | ४६५८६२ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : घोडाघोडी नगरपालिका, कैलाली , घोडाघोडी नगरपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | खगेन्द्र बहादुर सिंह | २०७६-११-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हरिश चन्द्र धामी | २०७८-९-२६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २८,१५५,२३४.६४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ३५,०३,३८,६०२.७ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६३,८९,५५,००० | **चालु खर्च** | ५६,४७,६९,०८८.३ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,२३,०७,८८८ | **पूँजीगत खर्च** | २६,७५,७७,२३८ |
| **राजश्व बाँडफाँट** | १९,१८,१७,००७.४६ | **वित्तीय/अन्य व्यवस्था** | ३७,३७,७५,०८९.३५ |
| **आन्तरिक आय** | १,८६,८४,०१२.९ | | |
| **अन्य आय** | ३२,१२,९७,९९६.५८ | | |
| **कुल आय** | १,२१,३०,६१,९०४.९४ | **कुल खर्च** | १,२०,६१,२१,४१५.६५ |
| **बाँकी मौज्दात** | | ३५,७२,७९,०९१.९९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस घोडाघोडी नगरपालिकामा १२ वडा,६५ सभा सदस्य, ३०८।६३ वर्ग किलोमिटर क्षेत्रफल तथा ७५५८६ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्नेअवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्योल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँगछलफलसम्पन्न गरिएको छ ।लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **स्थानीय संचित कोष -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ। | |

| सि. नं | आयतर्फ | सि. नं | व्ययतर्फ |
|---|---|---|---|

| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | **गत वर्षको जिम्मेवारी** | | ३५,०३,३८,६०२।७० | १ | **खर्च** | | ८३,२३,४६,३२६।३ |
| | क)संचितकोष | ३,००,१४९,२८८।७० | | | **(क) चालु खर्च** | ५६,४७,६९,०८८।३० | |
| | ख) धरौटी | १,०६,२३,७२२।९६ | | | **(ख) पूँजीगत खर्च** | २६,७५,७७,२३८। | |
| | ग विभिन्न कोष तर्फको | १,७८,२३,९५९।०४ | | | | | |
| | विभाज्य कोष | २१,७४१,६३२। | | | | | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | 21,04,99,096 l 46 | | | | |
| | क) आन्तरिक राजस्व | १,८६,८४,०१२।९० | | | | | |
| | ख) राजस्व बाँडफाँड | १९,१८,१७,००७।४६ | | | | | |
| | ग) अन्य आय | | | २ | **लगानी** | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | ६३,८९,५५,०००। | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | १९,६३,००,०००। | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | ४२,५१,५५,०००। | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ० | | ३ | **धरौटी खर्च** | ५७,५४,३३४।५२ | ५,७५४,३३४।५२ |
| | घ) विशेष अनुदान | १,७५,००,०००। | | ४ | **जनश्रमदान फिर्ता** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ४,२३,०७,८८८। | ५ | **कोष फिर्ता खर्च** | ३०३६१९०१ | ३०३६१९०१ |
| | क) वित्तिय समानीकरण अनुदान | १,४५,८८,०००। | | ६ | **मौज्दात** | | ३५,७२,७९०९१।९९ |
| | ख) सशर्त अनुदान | २,४७,१९,८८८। | | | क) संचितकोष मौज्दात | २८,२४,५६,२६२।७६ | |
| | ग) समपुरक अनुदान | ० | | | ख) धरौटी मौज्दात | १,२८,२७,७३०।१९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) विशेष अनुदान | ३०,००.०००। | | | ग) विभिन्न कोष तर्फ मौज्दात | १,६०,३०,२६६।०४ | |
| ५ | **अन्तर सरकारी अक्तियारी** | | | | (घ) बिभाज्य कोष मौज्दात | ४,५९,६४,८३३। | |
| | **(क) सामाजिक सुरक्षा** | २६,०७,६५,२७७।८३ | २६,०७,६५,२७७।८३ | **७** | **अन्तर सरकारी अक्तियारी** | | |
| | क) क्षेत्रीय शहरी विकास योजना | ० | | | **(क)सामाजिक सुरक्षा** | २६,०७,६५,२७७।८३ | २६,०७,६५,२७७।८३ |
| | ख) सडक बोर्ड नेपाल | ० | | **८** | **संघिय र प्रदेश शसर्त विशेष अनुदान फिर्ता** | ७,६८,९३,५७६। | ७,६८,९३,५७६। |
| | ग) पर्यटन बोर्ड नेपाल | ० | | | | | |
| | घ) एन एन एस डब्लु ए | ० | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | **विभिन्न कोषतर्फको आय** | २,८३,५१,१७६। | २,८३,५१,१७६। | | | | |
| ७ | **जनसहभागिता (नगद)** | | | | | | |
| ८ | **विषयगत निकायबाट प्राप्त** | | | | | | |
| ९ | **धरौटी आय** | ७९,५८,३४१।७५ | | | | | |
| १० | **विभाज्य कोष आय** | २,४२,२३,२०१। | | | | | |
| | | | | | | | |
| | **जम्मा** | **१,५६,३४००५०७।६४** | **१,५६,३४,००,५०७।६४** | | **जम्मा** | **१,५६,३४,००,५०७।६४** | १,५६,३४,००,५०७।६४ |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्न अनुसार देखिएको छः

४

**वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र

<table>
<tr><td></td><td></td><td></td><td>भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २६,०७,६५,२७७।८३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>फरक हिसाब —<br><br>यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण देहायअनुसार गत वर्षको जिम्मेवारी रु.३,५३,९४,२१८।८१, यस वर्षको प्राप्ति रु.३३७६५६९२९।९३,यस वर्षको भुक्तानी रु.३३,७६,६३,५७७।७९ र बैङ्क मौज्दात रु.२,२९,१५,९५२।१४ फरक परेको छ ।सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नु पर्दछ ।
<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति</th><th>यसवर्षको भुक्तानी</th><th>बैङ्क मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७२)</td><td>३८५७३२८२१।५१</td><td>८७५४०३०५१।११</td><td>८६८४५७८३७।८६</td><td>३३४३६१२१५।९५</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>३५०३३८६०२।७०</td><td>१२१३०५९९८१।०४</td><td>१२०६१२१४१५।६५</td><td>३५७२७७१६८।०९</td></tr>
<tr><td>फरक</td><td>३५३९४२१८।८१</td><td>३३७६५६९२९।९३</td><td>३३७६६३५७७।७९</td><td>२२९१५९५२।१४</td></tr>
</table>
उल्लेखित फरक रकम गत वर्षको जिम्मेवारी प्रकोप व्यवस्थापन कोषमा रु.६८,८८,८१८।८१ अल्या गर्नु पर्नेमा रु.४०,४६,३२२।०५ वढी अल्या भएको ,विविध खर्च खाता रु.३,२६,७६,७७२।८७ अल्या गर्नु पर्नेमा रु.३,१३,४७,८९६।७५ वढी अल्या भएको, सिग्यासबाट भुक्तानी आदेश मार्फत प्राप्त भई सामाजिक सुरक्षा वापतको रकम रु.२६,०७,६५,२७७।८३ सुत्रबाट कारोवार नहुने, जम्मा गर्न बाँकि कर रु.४,७२४। ,वढी फिर्ता भएको रु.१,९२३।९० सहित फिर्ता भएको रु.७,६८,९३,५७६। फिर्ता पश्चात सुत्रमा प्राप्ती र भुक्तानी कायम हुने भएको हुँदा फरक देखिएको कार्यालयको भनाई रहेको छ । फरक हिसाव सम्वन्धमा हिसाव मिलान गरी वित्तीय विवरण तयार गर्ने व्यवस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>फरक जिम्मेवारी -</td><td></td></tr>
</table>

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.३४,५९,२७,३२९।९७ मौज्दात रहेकोमा यो वर्ष रु. ३८,५७,३२,८२१।५१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३,९८,०५,४९१।५४ बढी जिम्मेवारी सारेको छ । यस सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

७

**बैङ्क हिसाब विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २८,१२,८०,०१८।७२ | ८,१०,२६,१५७। | २०,०२,५३,८६१।७२ |
| चालु खर्च खाता | ० | ६,८१,२२,७४२।३६ | ६,८१,२२,७४२।३६ |
| पुँजीगत खर्च खाता | ० | १२,६७,७२,७२१। | १२,६७,७२,७२१। |
| विविध खर्च खाता | ५८,६५,८५०।८१ | ५८,६५,८५०।८१ | ० |
| विपद व्यवस्थापन खाता | १,०१,६४,४१५।२३ | १०,१,६४,४१५।२३ | ० |
| स्थानीय विभाज्य कोष | २,४२,२३,२०१। | ४,५९,६४,८३३। | २,१७,४१,६३२। |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| धरौटी | १,२८,२७,७३०।१९ | १,२८,२७,७३०।१९ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | १,७१,४८,६७६।३४ | १,७१,४८,६७६।३४ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>३३,४३,६१,२१५।९५</td><td>३६,७८,९३,१२५।९३</td><td>३,३५,३१,९०९।९८</td></tr>
</table>
पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>सञ्चित कोषमा स्थानान्तरण -<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.६,८१,२२,७४२।३६ पुँजीगत खातामा रु.१२,६७,७२,७२१। गरी जम्मा रु.१९,४८,९५,४६३।३६ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>ससर्त अनुदान फिर्ता -<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु.७,९२,१९४। देखिएकोले बाँकी रु.७,९२,१९४।फिर्ता गरी हिसाब फरफारक गर्नुपर्ने रु.</td><td>७९२,१९४</td></tr>
<tr><td>१०</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली -<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यबस्था छ ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अबस्था छैन । यस सम्वन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छनः<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ,<br><br>• बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्बन्धी प्रयोजनका लागि निर्धारण गरिएका म ले प फा नं मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पुर्णरुपमा प्रयोगमा ल्याएको पाइएन,</td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ,<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन,<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br><br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस पूर्ण रुपमा लागू गरेको पाइएन,<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।<br><br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br><br>• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाइएन,<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन, | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br><br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एवं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,<br><br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br><br>• प्रचलित कानुन अनुसार लेखा समित गठन नगरेको, गठन गरे पनि म ले प प्रतिबेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन,<br><br>• प्रदेश लोक सेवा आयोगको परामर्श लिएर कर्मचारीको स्तर बृद्धि गरेको पाइएन,<br><br>• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाइएन,<br><br>• सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,<br><br>• सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाइएन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाइएन,<br><br>• सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा लागु गर्नु पर्नेमा नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गरेको पाइएन,<br><br>• पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन,<br><br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन,<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिबेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन,<br><br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन,<br><br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी पुर्णरुपमा कार्यान्वयनमा आएको पाइएन,<br><br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन, | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाइएन,<br><br>• दिगो बिकास योजना (सन २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना भएको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि ,२०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन,<br><br>• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाइएन,<br><br>• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राखु पर्नेमा राखेको पाइएन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | •विभिन्न तालिम तथा अन्य कार्यक्रम संचालन गर्दा अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका-२०७७ ले तोकेको दरबाट भत्ता तथा कार्यपत्र वापतकोको रकम भुक्तानी दिनु पर्नेमा सबै कार्यक्रममा सो अनुसार गरेको पाईएन,<br><br>तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यबस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ११ | | | **बजेट पेश, पारित र अख्तियारी —**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७८।३।१० मा रु १,०७,३७,८१,५५८ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८।३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।कानुन बमोजिम समयमै अख्तियारी प्रदान गर्नुपर्दछ । | |
| १२ | | | **अबण्डा बजेट -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु ४,५०,००,०००। अबण्डा बजेट व्यवस्था गरी ४० योजनामा रु. ४,५०,००,०००। खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । | |
| १३ | | | **योजनाको प्राथमिकीकरण -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार १२ वडाको लागि वडागत १५५ र पालिकास्तरका १०७ गरी कुल २६२ योजनामा वजेट विनियोजन गरेको छ। | |

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १०७ | २५ | ३१ | ५१ |
| २. | वडास्तरीय | १५५ | ० | २२ | १३३ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ४६ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१४ **त्रैमासिक खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । (रु. हजारमा

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| चालु खर्च तर्फ | ५,६४,७६९। | १,४४,५६८। | ९०,८५०। | ९५,८६९। | २,३३,४७९। | १,७०,४३३। |
| पूँजिगत खर्च तर्फ | २,६७,५७७। | २५,७८०। | ३४,५७९। | ७४,७०३। | १,३२,५१३। | ८८,६२५। |
| ज | ८,३२,४४६। | १,७०,३४९। | १,२५,४३०। | १,७०,५७३। | ३,६५,९९३। | २५८०५८। |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>म्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>प्रति<br>शत</td><td>१००%</td><td>२०.४७%</td><td>१५.०६%</td><td>२०.५०%</td><td>४३.९७%</td><td>३१%</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.८३,२४,४६,३२६।३४ बजेट खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. १७,०३,४९,५३१।८० अर्थात२०.४७% प्रतिशत, दोश्रो त्रैमासिकमा रु. १२,५४,३०,४४७।३४ अर्थात १५.०६% प्रतिशत, तेश्रो त्रैमासिकमा रु. १७,०५,७३,३१६।६६ अर्थात २०.५०% प्रतिशत र चौथो त्रैमासिकमा रु. ३६,५९,९३,०३०।५४ अर्थात ४३.९७% प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २५,८०,५८,४६२।०२ अर्थात ३१% प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
बजेट सीमा निर्धारण समिति -<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>
बजेट तथा कार्यक्रम तर्जुमा -<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको पूर्ण परिपालनामा ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
</table>

१७

**क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।(रु. हजारमा)

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **जम्मा खर्चको तुलनामा खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४१,८४५। | २९,२६४। | २६.२२ |
| २ | पूर्वाधार विकास | ३४१,९६ । | २२६५१। | २० |
| ३ | सामाजिक विकास | ४६६,४९। | ३८३,०५। | ३४ |
| ४ | बातावरण तथा विकास | ० | ० | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३,६९२। | ३,२२१। | २.८६ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २१९,७७। | १९०,२८। | १६.९२ |
| **जम्मा** | | १४८३५९ | ११२४६९ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३४ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी २.८६ प्रतिशत रहेको छ । बातावरण तथा विकासमा वजेट नै विनियोजन गरेको छैन ।वजेट विनियोजन गर्दा सन्तुलित तरिकाले गर्नु पर्दछ ।

१८

**खर्च बिश्लेषण -**

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.१,८६,८४,०१२।९० राजस्व बाँडफाँड र अनुदानबाट रु.७९,६१,८६,३१९.४६ समेत रु. ८१,४८,७०,३३२।३६ आम्दानी भएकोमा चालु तर्फ रु.५६,४७,६९,०८८।३ र पूँजिगत तर्फ रु २६,७५,७७,२३८। गरी जम्मा रु.८३,२३,४६,३२६।३ खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा २.२४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामारु.१,२२,३४,९००।खर्च भएको छ जुन आन्तरिक आय रु. १,८६,८४,०१२।९०को ६५.४८ प्रतिशत रहेको छ । पालिकालाई

<table>
<tr><td></td><td></td><td></td><td>प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८प्रतिशत चालु र ३२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>लक्ष्य प्रगति -<br><br>कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>३१२</td><td>१६</td><td>८</td><td>१६</td><td>२७२</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>आर्थिक सहायता -<br><br>पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१,०००। देखि रु.१,५०,०००। सम्म गरी कुल रु.१३,०२,८१५।आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १८६८४०१२।९० को ६.९७ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>विविध तथा सभा संञ्चालन खर्च —<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खानालगायत) रु.३९,६४,९२८। र सो बाहेक पालिकाको सभा संञ्चालनका लागि रु.८,८२,७७९।समेत कुल रु.४८,४७,७०७।खर्च गरेको छ । सो उक्त खर्च पालिकाको आन्तरिक आय रु. १८६८४०१२।९० को २५.९४ प्रतिशत हुन आउछ ।यस्ता खर्चमा मितव्ययितापूर्वक खर्च गर्ने व्यवस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>सेवा प्रवाहको स्थिति -</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार २१ वटा ऐन, ३ वटा नियमावली र ३२ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>२०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>२३३६</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>६४९</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>८६४</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१३०६</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>२७</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>0</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>0</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>४३</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>२४</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति –</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ वटा ऐन, ३ वटा नियमावली, ३२ कार्यविधि लगायत ६५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| २४ | | | **न्यायीक समिति —**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ८ र यो बर्ष थप भएको १७ गरी कुल २५ विवाद दर्ता भएकोमा ८ वटा मात्र फस्यौट भई १६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २५ | | | **रकम बाँडफाँड नभएको -**<br><br>सुदूरपश्चिम प्रदेश आर्थिक मामिला मन्त्रालयको प सं ०७९।८० च नं ५८ मिति २०७९।४।२४ को पत्र अनुसार यस पालिका लगायत यस प्रदेशका सबै पालिकाले प्रदेश आर्थिक ऐन बमोजिम आफ्नो क्षेत्रभित्र माटो, ढुङ्गा, गिट्टी, वालुवा र दहत्तर बहत्तरको राजश्व रकम पालिकाको विभाज्य कोषमा राखी सो मध्येबाट ६० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा र बाँकी ४० प्रतिशतले हुने रकम मासिकरुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेमा २०७८।७९ को रकम हालसम्म सञ्चित कोषमा दाखिला नगरेकोले दाखिला गरी तथा २०७८।७९ को संकलन हुने राजश्व बाँडफाँडको रकम सोही अनुरुप प्रदेश सञ्चित कोषमा नियमितरुपमा जम्मा गरी सोको विवरण मन्त्रालयमा उपलव्ध गराउनु हुन भनि सरोकार राख्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग सिंहदरबार तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुदूरपश्चिम प्रदेशलाई पत्र पठाएकोमा यस पालिकाबाट लेखापरीक्षण समय २०७९ पुससम्ममा कुनै रकम पठाएको पाइएन । यस सम्बन्धमा स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ६२क को दफा(३) पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा जराजुरी दहत्तर, बहत्तर आदिको बिक्री गरेको रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यबस्था भएकोले संकलन भएको राजश्व बिभाज्य कोषमा जम्मा गरी प्रदेश सञ्चित कोषमा पठाउन नसकिएको भनाई पालिकाको रहेको देखियो । यस सम्बन्धमा सम्बन्धित पालिका र प्रदेश सरकारले समन्वय गरी अशुली रकमको बाँडफाँड सम्बन्धमा स्पष्ट हुन आबश्यक देखिन्छ । | |
| २६ | | | **सार्बजनिक जग्गाको उपयोग -** | |

| | | | | |
|---|---|---|---|---|
| | | | भूमि सम्बन्धि ऐन, २०२१ को ५९क. मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालको वा सरकारी प्रयोजनको लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भए पनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्बजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक हुने देखिए नेपाल सरकारको स्वीकृति लिएर प्रयोग गर्न सकिने व्यबस्था रहेको छ । पालिकाले सार्बजनिक जग्गा उपयोगमा ल्याउदा नेपाल सरकारको स्वीकृति नलिएको अबस्था देखिएकोले निर्माण कार्य गर्दा उक्त व्यहोरा कार्यान्वयनका लागि आबश्यक पहल गरेरमात्र निर्माण कार्य सुरु गर्न ध्यान जान आबश्यक देखिन्छ । | |
| २७ | | | **कार्य योजना स्वीकृत नगरेको -**<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । यस पालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले यस पालिकाबाट कार्य योजना स्वीकृत नगरेको र वन पैदाबारको बिक्रीबाट प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा जम्मा गरेको समेत पाइएन ।कार्य योजना स्वीकृत गराउने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यबस्था हुनुपर्दछ । | |
| २८ | | | **निर्णय कार्यान्वयन नभएको -**<br><br>२०७९।२।२९ को निर्णय अनुसार बैठक, नगर सभा बैठकलगायतका बिभिन्न बैठकहरु कार्यालय समयमा संचालन गर्ने र बैठकको समयमा कुनै पनि पदाधिकारीले खाजा, खाना, चिया, नास्ता, मिनिरल वाटर लगायतका विषयमा खर्च नगर्ने निर्णय गरेको छ । तर सो निर्णय पश्चात उक्त बस्तुहरुको खरिदमा खर्च भई रहेको देखिएकोले निर्णय कार्यान्वयनको पक्ष कमजोर रहेको देखियो । पालिकाले गरेका सबै निर्णय कार्यान्वयनका हुनु पर्दछ । | |
| २९ | | | **भुक्तानी दिन बाँकी -**<br><br>आर्थिक बर्ष २०७७।७८ को रु.१,५३,५८,३८८। भुक्तानी दिन बाँकी भनि नगर कार्यपालिकाले २०७८।५।१७ मा निर्णय गरेको आधारमा यस बर्ष भुक्तानी दिएको छ । त्यस्तै नगर सभाको २०७९।३।२८ को निर्णयले २०७८।७९ मा भुक्तानी दिनुपर्नेमा दिन नसकिएको भनि रु.२,०१,३९,३२४।आ ब २०७९।८० भुक्तानी दिने निर्णय गरेको देखियो । भुक्तानी दिन बाँकी रहेको अबस्थामा तोकिए बमोजिम भुक्तानी दिन बाँकीको विबरण म ले प फा नं २२१ समेत प्रमाणित गरी राख्नु पर्नेमा कार्यालय प्रमुख स्वयले प्रमाणित गरी राखेको विबरणको आधारमा भुक्तानी दिएको देखियो तथा आगामी बर्षमा भुक्तानी दिन बाँकी भनि कार्यालय प्रमुखले नै प्रमाणित गरी राखेको पाइयो ।भुक्तानी दिन बाँकी यथार्थ रकम तोकिए बमोजिम प्रमाणित गरी राख्ने भुक्तानी दिने व्यबस्था हुनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ३० | | | **ठेक्का व्यबस्थापन -**<br><br>सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य सम्वन्धी अभिलेख व्यवस्थित नराखेको हुँदा एकिन गर्न सकिएन ।यसमा पालिकाले ध्यान दिई व्यवस्थित अभिलेख राख्नु पर्दछ । | |
| ३१ | | | **बिगत आ व को भुक्तानी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ। संघिय कार्यालयमा जस्तै स्थानीय तहले पनि गत वर्षको भुक्तानी गर्ने प्रायोजनार्थ आवश्यक कानुनी व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गर्नुपर्नेमा पालिकाले भुक्तानी दिन वाँकीको कच्चावारी वेगर नै देहायको कार्यको लागि भुक्तानी दिएको पाइयो। बहुवर्षिय ठेक्का वाहेक अन्य भुक्तानी दिन बाँकीको कच्चावारी वेगर भुक्तानी दिने कार्यमा नियन्त्रण हुनु पर्दछ । | |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| | पत्रपत्रिका छपाई | ३,३१,५२०। |
| | डिप बोरिङ्ग सिचाँई सरैया श्रिजना टोल | १२,४८,५८०। |
| | सिताकुण्ड मावि डेक्स बेन्च निर्माण र बाइरिङ | ७२,४०,०००। |
| | ह्युम पाईप खरिद | २,५०,०००। |
| | कौवा कैलाशपुर कल्भर्ट निर नालि निर्माण | ७,९९,३७३। |
| | ठुला विद्यालयका लागी प्राप्त अनुदान | ७,२५,०००। |
| | सुखड लठुवा रोढ वेस निर्माण | २०,००,०००। |
| | साँडेपानी बजारमा शौचालय निर्माण | १०,००,०००। |
| | सुखड दरख खानेपानी अन्डरग्राउन्ड टयाङ्की निर्माण | १२,००,०००। |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>राजमार्ग देखी डिभिजन वन कार्यालय हुँदै तुलसिपुर सम्म बेस निर्माण</td><td>३५,००,०००।</td></tr><tr><td colspan="2">जम्मा</td><td>१,८२,९४,४७३।</td></tr></table></td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>नक्शा पारित -<br><br>पालिकाले यस आ ब मा कुल २० जग्गाधनीले नक्सा पारितका लागि निबेदन पेश गरेकोमा बिगत बर्षमा निबेदन पेश भएको समेत ११ नक्साको दोस्रो चरण (जग राख्ने) कामको लागि नक्सा पारित गरेको र ८ नक्साको निर्माण सम्पन्न प्रमाण पत्र जारी गरेको जनाएको छ ।सो बाहेक यस पालिकाबाट नक्शा पारितको प्रकृया पुरा नगरी निर्माण गरेका तर निर्माण सम्पन्न प्रमाणपत्र नलिएका ३८ व्यक्तिको नगरपालिकामा अभिलेखिकरण गरेको जनाएको छ । पालिकाको कार्यक्षेत्र र बस्ति बिकासको अबस्था हेर्दा उक्त संख्खामा नक्सा पारित हुनुले पालिकाभित्रका अधिकाँश घरहरु नक्शा पारित नगरी निर्माण कार्य गरेको हुनसक्ने भएकोले सबै निर्माण कार्यलाई नगरपालिकाको नक्सा पारितको दायरामा ल्याई पालिकाको आय बृद्धि तथा व्यबस्थित शहरीकरण बिकासका लागि पालिकाले प्रभाबकारी कदम चाल्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>अनुगमन नियमन व्यवस्था -<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसवाट विद्यालय अनुगमन कार्य साथै शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>मेशिनरी औजारलगायत भाडामा -<br><br>यस पालिकामा रहेको एक्साभेटर भाडामा पनि दिने र एम्बुलेन्स माग अनुसार नगदी रसिदबाट आम्दानी प्राप्त गरी सेवाग्राहीलाई उपलव्ध गराउने गरेको पाइयो । तर यस आ ब मा एक्साभेटरबाट कुनै आम्दानी नगरेको तर विगतमा एम्बुलेन्सबाट भएको प्राप्त आयबाट मर्मत लगायतका खर्च कट्टा गरी दाखिला गर्ने गरेको पाइयो ।यसरी उपलव्ध गराइने सामानको जिम्मेबार व्यक्तिको स्वीकृतिमा पठाएको लगायतका व्यहोरा खुल्ने गरी अभिलेख राखेको पाइएन । यस्तो अबस्थामा उल्लेखित सामानहरु भाडामा उपलव्ध गराएर यथार्थ आय दाखिला भएको छ भनि सुनिश्चित हुने अबस्था रहेन । जिम्मेवार व्यक्तिको स्वीकृतिमा सामान पठाइ प्राप्त आय यथार्थरुपमा दाखिला गर्ने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>प्रकोप व्यबस्थापन कोष -<br><br>यस पालिकामा बिभिन्न प्रकारका महामारी तथा दैबी प्रकोपमा उपयोगमा ल्याउने उदेश्यले एक कोष खडा गरी राखेको छ । उक्त कोषमा यस बर्ष निम्न अनुसार आम्दानी तथा खर्च भएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><th>आय विबरण</th><th>रकम</th><th>व्यय विबरण</th><th>रकम</th></tr>
<tr><td>गत बर्षको मौज्दात</td><td>८९,३३,५१९।२०</td><td>कोभिड प्रभाव अध्ययन (परामर्शसेवा)</td><td>४,९८,०००।</td></tr>
<tr><td>संघीय सरकारबाट प्राप्त</td><td>२,६७,७९,१७६।</td><td>कार्यालय सामाग्री</td><td>२,७२,७२५।</td></tr>
<tr><td>पालिकाबाट जम्मा गरेको</td><td>२०,००,०००।</td><td>धानबाली क्षति अनुदान वितरण</td><td>१,६२,०७,१९२।५०</td></tr>
<tr><td>आन्तरिकश्रोत आम्दानी</td><td>१,६२१।०३</td><td>कोलेनिका फिर्ता</td><td>१,०५,७१,९८३।५०</td></tr>
<tr><td></td><td></td><td>बैक मौज्दात</td><td>१,०१,६४,४१५।२३</td></tr>
<tr><td></td><td>३,७७,१४,३१६।२४</td><td></td><td>३,७७,१४,३१६।२३</td></tr>
</table>
संघीय सरकारबाट धानबाली राहत बितरणका लागि कुल प्राप्त रकम रु.२,६७,७९,१७६।बाट बिभिन्न व्यक्तिहरुलाई बिभिन्न बैकमार्फत बैक खातामा रकम जम्मा गरी भुक्तानी दिई बाँकी रहेको रु.१,०५,७१,९८३।५० संघीय सरकारलाई नै फिर्ता पठाएको छ । सो बाहेक कोभिड प्रभाव अध्ययन (परामर्श सेवा) मा रु.४,९८,०००।र कार्यालय सामाग्रीमा रु.२,७२,७२५। खर्च भई रु.१,०१,६४,४१५।२३ मौज्दात रहेको देखिन्छ ।कोभिड प्रभाव अध्ययन (परामर्श सेवा) जस्ता कार्य केन्दिय वा प्रदेश सरकारको स्तरबाट गर्दा बढी प्रभावकारी र उपयुक्त हुनेमा पालिकाबाट अध्ययन गराएको मनासिब देखिएन । बिपत कोषबाट खर्च गर्दा बिपतमा परेका वा पर्न सक्ने उच्च सम्भावना भएका व्यक्तिलाई प्रत्यक्ष लाभ पुग्ने कार्यका खर्च गर्न पालिकाको प्राथमिकता रहनुपर्दछ ।
</td>
<td></td>
</tr>
<tr>
<td>३६</td>
<td>१२</td>
<td>२०७८-८-१५</td>
<td>
सफ्टवेयर खरिद -
नेपाल सरकारको सुचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुदाँ नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य बिद्युत्तीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सुचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरूप भए नभएको निर्धारण गर्न सुचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ। सञ्चालनमा रहेका सम्पूर्ण सरकारी स्वास्थ्य संस्था र नीजी पोलीक्लिनिक, अस्पतालले प्रदान गर्ने सेवाहरूलाई विधिवत ढगंले रेकर्ड गरि माथिल्लो निकायमा रिपोटिङ्ग गर्नका लागी स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली (EHIRRS) सफ्टवेयर खरिदमा रू. ४.९७,२००। खर्च भएको छ। स्वीकृती वेगर स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली जस्तो महत्वपुर्ण सफ्टवेयरको सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रूपले भरपर्दो छ भन्ने अवस्था रहेन। यस्ता सफ्टवेयर प्रयोगमा ल्याउँदा स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।
</td>
<td></td>
</tr>
<tr>
<td>३७</td>
<td></td>
<td></td>
<td> जिन्सी व्यवस्थापन - </td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरिक्षण गर्नुपर्ने व्यवस्था रहेवमोजिम पालिकाले मिति २०७९।३।३० मा जिन्सी निरीक्षण समिति गठन गरि मिति २०७९।५।१० मा प्रतिवेदन पेस गरेको छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम ४ अनुसार लिलाम विक्री गर्नुपर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नुपर्ने मालसामान ३ महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ । यस पालिकाको आ.व. २०७८।७९ को जिन्सी निरीक्षण प्रतिवेदनले लिलाम विक्री गर्नुपर्ने भनी उल्लेख गरेका ८ वटा डेस्कटप कम्प्युटर, ९ वटा ल्यापटप, ९ वटा प्रिन्टर, ७ वटा सोफासेट लगायत १३ प्रकृतिका १०१ मालसामान तथा मर्मत गर्नुपर्ने भनी उल्लेख गरेका ७ वटा मोटरसाईकल, १२ डेस्कटप कम्प्युटर, १३ ल्यापटप, २० प्रिन्टर, ७ इन्भरटर, ५ मोबाईल, १० सोफासेट लगायत ४० प्रकृतिका २९१ वटा मालसामान उक्त नियमावलीको नियम ९९ अनुसार लिलाम विक्रि तथा मर्मत संभार गरी जिन्सी सम्बन्धी व्यवस्था लाई चुस्त र दुरुस्त वनाउनु पर्नेमा सो गरेको देखिएन। जिन्सी निरीक्षण प्रतिवेदनले उल्लेख गरे अनुसार चालु हालतमा नरहेका जिन्सी सामानहरु लिलाम तथा मर्मतको कारवाही अगाडी वढाउनु पर्ने देखिन्छ। | |
| ३८ | | | **बार्षिक खरिद योजना/गुरुयोजना -**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२६,७५,७७,२३८। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३९ | | | **आयको अनुमान -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४,५०,००,०००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१८६८२०८८।९९ अर्थात अनुमान को ४१.५१ प्रतिशतमात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ४० | | | **आन्तरिक आय -** | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।(रु. हजारमा)

| केन्द्रिय अनुदानबाट खर्च | पालिका बाटै संकलित आन्तरिक आय | राजश्व बाँडफाँडबाट प्राप्त आय | कुल आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|---|---|
| ६८,१२,६२। | १८६८२। | १९१८१७ | २१०४९९ | २.७४ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.७४प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४१ **कर तथा शुल्क असुली -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| ११२३१सम्पत्ती, बहाल तथा पट्टा वापतकोआयमा लाग्ने कर | १०,००,०००.०० | ० | ० |
| ११३१३एकीकृत सम्पती कर | ४०,००,०००.०० | १२,८८,७०८.५० | ३२ |
| ११३१४भुमिकर/मालपोत | ५०,००,०००.०० | ३७,६४,०१४.२२ | ७५ |
| ११३२१घरवहाल कर | १५,००,०००.०० | १७,४७,७३५.९८ | ११६ |
| ११३२२वहाल विटौरी कर | २०,००,०००.०० | ६,३१,३४९.०० | ३१.५६ |
| ११४५१सवारीसाधन कर (सानासवारी) | ५,००,०००.०० | ० | ० |

| | | | |
|---|---|---|---|
| ११६३१कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५०,०००.०० | ० | ० |
| ११६९१अन्य कर | ५०,०००.०० | १३,७२,१५९.५१ | २७४४ |
| १४१५१सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २०,०००.०० | ० | ० |
| १४१५९अन्यस्रोतबाटप्राप्तरोयल्टी | २,००,००,०००.०० | २,३०,२५०.०० | १.१५ |
| १४१९१पर्यटनशुल्क | ९,००,०००.०० | ० | ० |
| १४२११कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ५०,०००.०० | ० | ० |
| १४२२१न्यायिक दस्तूर | १०,०००.०० | ० | ० |
| १४२२४परीक्षाशुल्क | १,००,०००.०० | ० | ० |
| १४२२५यातायातक्षेत्रकोआम्दानी | ५,००,०००.०० | ० | ० |
| १४२४२नक्सा पास दस्तुर | १५,००,०००.०० | १०,९१,२७०.०० | ७३ |
| १४२४३सिफारिश दस्तुर | ५०,००,०००.०० | ६१,५६,७११.७८ | १२३ |
| १४२४४व्यक्तिगत घटना दर्ता दस्तुर | ३,००,०००.०० | ० | ३० |
| १४२४५नाता प्रमाणित दस्तुर | १,००,०००.०० | ५३,८५०.०० | ५४ |
| १४२४९अन्य दस्तुर | १,००,०००.०० | ५,६८,९९५.०० | ५६९ |
| १४२५३व्यावसाय रजिष्ट्रेशन दस्तुर | १५,००,०००.०० | १५,८२,९८०.०० | १०५ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४३११न्यायिकदण्ड, जरिवानारजफत</td><td>१,००,०००.००</td><td>२८,९१५.००</td><td>२९</td></tr>
<tr><td>१४६११व्यवसाय कर</td><td>८,००,०००.००</td><td>०</td><td>०</td></tr>
<tr><td>१५१११बेरूजू</td><td>०</td><td>१,६५,१५०.००</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>१८६८२०८८।९९</td><td></td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । पालिकाले परीक्षण भिडान नगरेकोले कती प्राप्त हुनुपर्नेमा कती प्राप्त भएको हो तुलना भिडान परीक्षण गर्न सकिएन । राख्नु पर्ने म ले प फारम प्रयोग नगरेकोले आन्तरिक आयको व्यवस्थित अभिलेख समेत राखेको पाइएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>कर्मचारी करार —<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण विना स्वास्थ्य तर्फका कर्मचारी ,का स सवारी चालक कम्प्युटर अप्रेटर लगायतका विभान्न पदमा ६० जना कर्मचारीहरु करारमा राखि रु. १,६३,५७,३८४। खर्च लेखेको छ । व्यवस्थापन सर्भे गरी कानुन वमोजिम भर्ना गरी खर्च लेख्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन —<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४४ जना पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>विपद व्यवस्थापन कोष -</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ । कोभिड कोषबाट खर्च गर्ने कार्यविधि तथा नियम बनाएको अवस्था छैन । विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ । | |
| ४५ | | | **बार्षिक प्रतिबेदन -**<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ४६ | | | **समिति गठन-**<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन । ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ । | |
| ४७ | | | **कार्य योजना -**<br><br>विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ । पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन । विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ । | |
| ४८ | | | **शैक्षिक गुणस्तर —**<br><br>सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरूप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत | |

| | | | | |
|---|---|---|---|---|
| | | | नागरिकको छनौटको विद्यालयको रूपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरूलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कार्य भएको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ। | |
| ४९ | ४१ | २०७८-९-१९ | **विद्यालयको लेखापरीक्षण -**<br><br>नगरपालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। पालिकाले विद्यालयको आ.व. २०७८।७९ को लेखापरीक्षण खर्चवापत ५१ वटा विद्यालयहरुलाई रु.५,९०,०००। निकासा दिएको छ। आ.व २०७८।७९ को लेखापरीक्षणको क्रममा २० वटा विद्यालयले लेखापरीक्षण गरी प्रतिवेदन नगरपालिकामा वुझाएको देखिन्छ। पालिकाले समयमै सम्पूर्ण विद्यालयहरुको लेखापरीक्षण गराई देखिएका व्यहोरा उपर आवश्यक छलफल गरी सुधार गर्नुपर्दछ । | |
| ५० | | | **संस्थागत विद्यालय अनुगमन -**<br><br>पालिकाले नगरपालिकाभित्र ३२ वटा निजी विद्यालयहरू सञ्चालनमा रहेको जानकारी दिएपनि सञ्चालित निजी विद्यालयहरूको अनुगमन गरेको पाइएन। निजी विद्यालयको दर्ता, अनुमती, शैक्षिक शुल्क तथा पढाइको स्थिति जस्ता विषयमा पालिका अनभिज्ञ रहेको पाइयो। त्यस्ता विद्यालयहरू कानुनतः दक्षतापुर्वक सञ्चालन भए नभएको सम्बन्धमा पालिकाले समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ। | |
| ५१ | | | **धरौटी तर्फ -**<br><br>सार्बजनिक खरिद नियमावली, २०६४ का नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फिर्ता माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रविष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकमको फिर्ता दिने व्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजनको पत्र तथा सम्बन्धित आर्थिक बर्षको कर चुक्ता प्रमाण बेगर र त्रुटी सुधार गरेको एकिन नगरी धरौटी फिर्ता दिएको देखिन्छ । नियम तथा परिपत्रले तोकेको प्रमाण बेगर धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन । तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रु. | २,२१३,५५५.३८ |

| क्रसं | गोभौ/मिति | धरौटी फिर्ता पाउने | धरौटी फिर्ता रु. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | ६/०७८।७।१० | जेबि निर्माण सेवा | २९,०००। |
| २ | ६/०७८।७।१० | रामरोशननिर्माणसेवा | २,३०,४२४।३८ |
| ३ | १०/०७८।९।२ | सूर्यदिप इनर्जी प्रालि | ४,५३,४४३। |
| ४ | १३/०७८।९।८ | नविकरणिय उर्जा प्रालि | १,१०,०५२। |
| ५ | १८/०७९।१।६ | जय माता दि हाइजेनिक प्रोडक्ट क प्रालि | २,००,०००। |
| ६ | २३/०७९।१।११ | बर्दगोरिया ह्युम पाइप्स एण्ड कंक्रिट उद्योगप्रालि | २,४२,०००। |
| ७ | २४/०७९।१।१३ | जेबी निर्माण सेवा | ४,८३,१४१। |
| ८ | २९/०७९।२।१८ | बिनेश कन्स्ट्रक्सन | ३,११,०६०। |
| ९ | ३४/०७९।२।३१ | जय श्री वाराही अजिमा निर्माण सेवा | १,५४,४३५। |
| | | जम्मा | २२,१३,५५५।३८ |

५२

**पेश्की बाँकी -**

४,२७४,९५७

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद-५ मा पेश्की दिने र फस्यौंट गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ ।यसका अतिरिक्त निर्माण व्यबसायीलाई निर्माण कार्यका लागि मोबिलाइजेसन प्रयोजनलाई दिएको पेश्की उक्त नियमावली र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ (५) बमोजिम फस्यौंट हुनुपर्ने देखिन्छ । तालिकामा उल्लेखित अन्य पेश्की सम्बन्धमा २०७८।७९ कै बार्षिक कार्यक्रममा परेको रकम सोही बर्ष खर्च गरी काम सम्पन्न गर्नु पर्नेमा सो अनुसार नगरी निम्न अनुसारकोपेश्की तोकिएको प्रकृया पुरा गरी काम सम्पन्न भएको प्रमाण लेखापरीक्षण समयसम्म पनि पेश नभएकोले पेश गरी पेश्की फस्यौंट हुनुपर्ने रु.

| क स | पेश्की लिएको मिति | गो. भौ. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | खर्च उपशिर्षक | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| | कर्मचारी | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०७८/६/१९ | ३९ | कार्यालय संचालन तथा व्यवस्थापन खर्च | धनीराम चौधरी | २२३१९ | | ३००००० | ३००००० |
| निर्माण व्यवसायी | | | | | | | | |
| १ | २०७८/६/१४ | १७ | घोडाघोडी तालको वाटर गेट निर्माण | देब सिँह/अन्जु जे भी | ३११५९ | २८००००० | | २८००००० |
| २ | २०७८/१०/२४ | १३६ | आ व २०७७/७८ का कालो पत्रेका लागि वेश तयार भएका अधुरा सडक | के स/तेडी/मणिलेक जे भि | ३११५९ | २४००००० | | २४००००० |
| ३ | २०७८/११/८ | १६५ | आ व २०७७/७८ का कालो पत्रेका लागि वेश तयार भएका अधुरा सडक | के स/तेडी/मणिलेक जे भि | ३११५९ | २४००००० | | २४००००० |
| ४ | २०७८/१२/१५ | २३४ | नगर रिङरोड वडा नं १ | रायमाझि के.डी . एन निराजन जे भि | ३११५१ | ३४४२००० | | ३४४२००० |
| ५ | २०७९/१/७ | २९७ | नारायणपुरमा सार्वजनिक | गोले कन्स्ट्रक्सन | ३११५९ | ११५००० | | ११५००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ट्रस्ट भवन निर्माण | | | | | |
| ६ | २०७९/१/२२ | ३३५ | दिपनगर सडक कालोपत्रे | रामारोशन निर्माण सेवा | ३११५१ | १८०००० | | १८०००० |
| ७ | २०७९/३/२५ | ५४ | वडा नं ४ र ९ मा खानेपानी योजना | प्राकृतिक चन्द्रविकास जे भी | ३११५६ | ५०००००० | | ५०००००० |
| | जम्मा | | | | | १६३३७००० | | १६३३७००० |
| उपभोक्ता समिति | | | | | | | | |
| १ | २०७८/१२/१५ | २२१ | लठुवा सामुदायिक भवन निर्माण | लठुवा सामुदायिक भवन निर्माण उ स | ३१११२ | | १३०००० | १३०००० |
| २ | २०७८/१२/१५ | २२३ | खेलकुद मैदान निर्माण तथा घेरवार वडा नं ९ | खेलकुद मैदान निर्माण तथा घेरवार वडा नं उ .स | ३११५९ | | २५०००० | २५०००० |
| ३ | २०७८/१२/१६ | २४१ | सामुदायिक भवन निर्माण वडा नं १ | सामुदायिक भवन निर्माण वडा नं उ. स | ३१११२ | | १३०००० | १३०००० |
| ४ | २०७८/१२/१७ | २५१ | शान्तिनगर डोडा नदीमा तटबन्धन वडा नं १ | शान्तिनगर डोडा नदीमा तटबन्धन वडा नं उ. स | ३११५४ | | २५०००० | २५०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | २०७८/१२/१७ | २५४ | मदन दमाईको घर नजिक नालामा मल्भर्ट निर्माण | मदन दमाईको घर नजिक नालामा मल्भर्ट निर्माण उ .स | ३११५१ | | १२५००० | १२५००० |
| ६ | २०७८/१२/१७ | २५६ | शान्तिनगर पानी विकास वडा नं १ | शान्तिनगर पानी विकास वडा नं उ .स | ३११५८ | | १२५००० | १२५००० |
| जम्मा | | | | | | | १०१०००० | १०१०००० |
| सस्थागत | | | | | | | | |
| १ | २०७८/७/१४ | ११ | सवै स्वास्थ्य सस्थालाई कार्यालय संतालन तथा व्यवस्थापन अनुदान | बसन्तु चौधरी | २२१११ | | ५०९५७ | ५०९५७ |
| २ | २०७८/८/२६ | ९७ | आधारभुत स्वास्थ्य केन्द्र व्यवस्थापन तथा सिविर संचालन वडा नं १० | पहलमानपुर आधारभुत स्वास्थ्य तालिम केन्द्र | २२३१९ | | २००००० | २००००० |
| ३ | २०७८/९/१९ | १४१ | वाल विवाह न्यनिकरणको लागि | ज्योति लाईफ ईन्स्योरेन्स कार्यक्रम | २२५२२ | | २८४००० | २८४००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रोत्साहन कार्यक्रम | | | | | |
| ४ | २०७८/९/१९ | १४१ | कार्यालय संचालन तथा सस्थागत विकास खर्च | मेलघट्टी मा वि जनकपुर | २२३१९ | | १५०००० | १५०००० |
| ५ | २०७८/१०/२१ | १७६ | मालिका मा वि निजि श्रोत शिक्षक तलव अनुदान | मालिका प्राथामिक विद्यालय | २११११ | | १००००० | १००००० |
| ६ | २०७८/११/९ | २ | नेटवर्क सुद्यढिकरण खर्च | राम प्रसाद चौधरी | २२२९१ | | १८०००० | १८०००० |
| ७ | २०७९/३/२५ | ४६ | विद्यालय भवन निर्माण २ कोठे तथा ४ कोठे | राष्ट्रिय माध्यमिक विद्यालय तारानगर | ३१११२ | २५२०००० | | २५२०००० |
| ८ | २०७९/३/२५ | ४६ | विद्यालय भवन निर्माण २ कोठे तथा ४ कोठे | बडातडो आधारभुत विद्यालय | ३१११२ | १६६०००० | | १६६०००० |
| ९ | २०७९/३/२५ | ४६ | विद्यालय भवन निर्माण २ कोठे तथा ४ कोठे | मालिका प्राथामिक विद्यालय | ३१११२ | १२६०००० | | १२६०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | २०७९/३/२५ | ४६ | विद्यालय भवन निर्माण २ कोठे तथा ४ कोठे | राष्ट्रिय मा वि रामपुर | ३१११२ | १२६०००० | | १२६०००० |
| ११ | २०७९/३/२५ | ४६ | विद्यालय भवन निर्माण २ कोठे तथा ४ कोठे | विराट सनातन धर्मसंस्कृती विद्यापिठ माध्यमिक विद्याश्रम | ३१११२ | १२६०००० | | १२६०००० |
| १२ | २०७९/३/२५ | ४७ | केन्द्र बाट छनोट भएका नमुना विद्यालय | दशरथ माध्यमिक विद्यालय | ३११५९ | ७०००००० | | ७०००००० |
| १३ | २०७९/३/२५ | ४७ | केन्द्र बाट छनोट भएका नमुना विद्यालय | राष्ट्रिय मा वि सुखड | ३११५९ | ५०००००० | | ५०००००० |
| १४ | २०७९/३/२५ | ४७ | कान्तिराज्य लक्ष्मि मा वि पहलमानपुर विद्यालय विकास कार्यक्रम प्रदेश साझेदारी कार्यक्रम | कान्तिराज्य लक्ष्मी मा वि | ३११५९ | | २०००००० | २०००००० |
| जम्मा | | | | | | १९९६०००० | २९६४९५७ | २२९२४९५७ |

| | | | | |
|---|---|---|---|---|
| कुल जम्मा | | ३६२९७००० | ४२७४९५७ | ४०५७१९५७ |

| | | | | |
|---|---|---|---|---|
| ५३ | | | **रकमान्तर गरी खर्च -**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शिर्षकबाट पुँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । पालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निर्णय बमोजिम बिभिन्न शिर्षकमा कुल रु.१०,५७,२३,५६०। अर्थात कुल बजेट रु.८१,४८,७०,३३२।३६ को १२.९४ प्रतिशत र कुनै शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले बिनियोजन ऐनमा व्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु कानुन बमोजिम देखिएन । रकमान्तर गर्दा कानुनले तोकेको प्रकृया पालना गर्दै गर्ने व्यवस्था हुनुपर्दछ । | |
| ५४ | | | **कार्य सम्पादन -**<br><br>स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन (LISA रिपोर्ट) अनुसार यस पालिकाको समग्र कार्य सम्पादन मुल्यौंङ्कनमा आर्थिक बर्ष २०७७।७८ मा कुल १०० अंकमा ६७.७५ अंक प्राप्त गरेको देखिन्छ ।समग्र कार्य सम्पादनमा सुधार गरी उच्चतम अंक प्राप्त गर्न पालिकाको निरन्तर प्रयाश हुनुपर्दछ । | |
| ५५ | | | **नगदी रसिदको प्रयोग -**<br><br>पालिकामा यो बर्ष कुल ५० पायड नगदी रसिद ( नं १ देखि २५००) आम्दानी गरेकोमा १७ पायड पालिका कार्यालय र वडा कार्यालयबाट राजश्व सम्बन्धी सफ्टवेयर नचलेको अबस्थामा र एम्बुलेन्स चालकले प्रयोगमा ल्याएको जनाएको छ ।उक्त पायडबाट अशुल गरेको राजश्व सम्बन्धमा जोडजम्मा गरी दाखिला भए नभएको एकिन गर्नुपर्नेमा सो नगरी नगदी रसिद बुझिलिनेले दाखिला गरि दिएको रकमलाई नै यथार्थ अशुली मानेको छ । सोका अतिरिक्त पालिकाले प्राप्त हुनुपर्ने र प्राप्त राजश्व सम्बन्धमा परीक्षण भिडान गर्ने नगरेकोले लेखापरीक्षण समयमा समेत प्राप्त हुनुपर्ने र प्राप्त राजस्व भिडान गर्न सकिएन ।नगदी रसिदको प्राप्त आय सम्बन्धा प्रयोग गरेका सबै नगदी रसिदको प्रतिलिपि रहेका ठेली (पायड) तथा बाँकी रहेका सबै ठेली (पायड) फिर्ता प्राप्त गरी जारी गरेका सबै नगदी रसिदबाट यथार्थरुपमा अशुल गरी दाखिला भएको भनि सुनिश्चित हुने व्यबस्था हुनुपर्दछ । | |

<table>
<tr><td>५६</td><td></td><td></td><td>आय ठेक्का -</td><td></td></tr>
<tr><td>५६.१</td><td></td><td></td><td>पालिकाबाट उपलव्ध जानकारी अनुसार यस पालिकाले यस आ ब मा आय प्राप्त हुने गरी निम्न अनुसारका आय ठेक्का लगाइ प्राप्त रकम पालिकाको आन्तरिक आयमा जम्मा गरेको जनाएको छ ।<br>
<table>
<tr><td>क्र सं</td><td>काम</td><td>न्युनतम कायम रकमरु.(मुअकरसमेत)</td><td>ठेका रकम रु.(मुअकरसमेत)</td><td>सम्झौता लागू मिति</td><td>सम्झौता सकिने मिति</td><td>व्यबसायीको नाम</td><td>अशुल रकम रु.(मुअकरबाहेक)</td><td>मुअ कर बाहेककोअशुल हुन बाँकीरकम</td></tr>
<tr><td>१</td><td>नदी जन्य पदार्थ संकलन</td><td>२,६९,५४,८३१।</td><td>२,६९,५६,१५०।</td><td>२०७८।७।२३</td><td>२०७९।२।३०</td><td>ब्रिन्द्रा सन्स कन्स्ट्रक्सन</td><td>२,३८,६७,५७५।</td><td>०</td></tr>
<tr><td>२</td><td>विज्ञापनकर</td><td>१,६९,५००।</td><td>१,७५,१५०।</td><td>२०७८।७।२२</td><td>२०७९।३।३०</td><td>साइन हवप्रालि</td><td>१,५७,२५०।</td><td>०</td></tr>
<tr><td>३</td><td>कवाडी तथा जीबजन्तु कर</td><td>५,६५,०००।</td><td>५,७२,९१०।</td><td>२०७८।४।१९</td><td>२०७९।३।३०</td><td>न्यू सुमित ट्रेडर्स एण्ड सप्लायर्स</td><td>५,०७,०००।</td><td>०</td></tr>
<tr><td>४</td><td>ठुलो बगुलिया ताल ठेक्का</td><td>२५,७३,०१०।</td><td>७३,५६,३००।(चारबर्षको)</td><td>२०७६।४।१</td><td>२०८०।३।३१</td><td>तुलसा कन्स्ट्रक्सन प्रालि</td><td>००</td><td>१६,२७,५००।</td></tr>
</table>
उक्त आय ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:</td><td></td></tr>
<tr><td>५६.२</td><td></td><td></td><td>उल्लेखित ठेक्कामध्ये क्र सं ४ मा उल्लेखित ठेक्कामा गत बर्ष पनि सम्झौता अनुसार अशुल नभएको रकम अशुल गर्नुपर्ने भनि औंल्लाएकोमा कुनै कारबाही नगरी यस बर्षको रकम पनि अशुल नगरेको र अशुलीका लागि कुनै कारबाही गरेको पाइएन । ठेक्काको अबधि सकिने क्रममा रहेको अबस्थामा ठेक्का सम्झौता गरेको अबधि देखिनै कुनै रकम अशुली नगरी अनेक बाध्यता देखाएर उन्मुक्ति दिने सम्भाबना रहेकोले सम्झौता</td><td>१,६२७,५००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गरेर पनि कुनै रकम अशुलीका लागि कारबाही नचलाउने जिम्मेबार व्यक्तिलाई जवाफदेही बनाउदै यस बर्षको अशुल हुन बाँकी रकम अशुल गर्नुपर्ने रु. | |
| ५६.३ | | | ब्रिन्द्रा सन्स कन्स्ट्रक्सनले सम्झौता अनुसार पुल तल माथी ५०० मिटरभित्र ढुङ्गा, गिट्टी, बालुवा, ग्राबेल, आदि उत्खनन गरी रहेकोले सो कार्य रोकी २०७९।२।१५ भित्र कार्यलयमा उपस्थित हुन पत्र पठाएकोमा कुनै कारबाही नगरी उन्मुक्ति दिएको देखियो । ठेक्का सम्झौता र प्रचलित ऐन कानुनको उलघंन गरी काम गर्नेलाई कार्यालयमा सम्पर्क राख्न आउन पत्र पठाउने तर तत पश्चात कुनै कारबाही गरेको कुनै अभिलेख नराखी उन्मुक्ति दिने कार्यलयको काम उचित देखिएन छ ।यस्ता कार्य नियन्त्रण गर्ने सबैको ध्यान जान आबश्यक देखिन्छ । | |
| ५६.४ | | | क सं १ मा उल्लेखित आय ठेक्काका लागि रु.१५,००,०००। बिड बण्ड सहित सबैभन्दा बढी रु.३,१८,४४,७३४।५३ (मु अ कर सहित) कबोल गर्ने मंगलासैनी बिल्डर्स एण्ड सप्लायर्सलाई सम्झौता गर्न आउन पत्र पठाएकोमा सम्झौता गर्न नआएकोले निजले राखेको बिडबण्ड जफत गरी उक्त व्यबसायीलाई कालोसुचीमा राख्न आबश्यक कारबाही चलाउने निर्णय भएको छ । तर बिड बण्ड रकम जफत नगरी तथा कलोसूचीमा राख्नका लागि समेत कुनै कारबाही नचलाई दोस्रो बढी कबोल गर्ने ब्रिन्द्रा सन्स कन्स्ट्रक्सनसँग सम्झौता गर्दा पहिलो बढी कबोल गर्नेको बिड बण्ड जफत गर्दा पनि रु.३४,८८,५८४।५३ पालिकाको आय गुमेको छ । यस्तो अबस्थामा समेत बिड बण्ड जफतका लागि प्रभाबकारी कारबाही नचलाउने जिम्मेवार व्यक्तिलाई समेत आबश्यक कारबाही गरी बिड बण्ड बापतको रकम पालिकाको आयमा जम्मा भएको प्रमाण र ठेक्कापट्टामा सहभागी भएर सम्झौता नगर्ने व्यबसायीलाई कालोसूचीमा राखेको प्रमाण पेश हुनुपर्ने रु. | १,५००,००० |
| ५६.५ | | | नदीजन्य पदार्थ संकलनका लागि ब्रिन्द्रा सन्स कन्स्ट्रक्सनले कान्द्रा, टेङ्गना, कन्द्री, डोडा र झिङ्गेझाला सहित ४ नदीबाट कुल २,००,०५७ घन मिटर संकलन गर्न पाउने गरी सम्झौता गरे पनि उक्त परीमाण अनुसार उठाए नउठाएको पालिकाबाट कुनै अनुगमन मुल्याँङ्कन गरेको छैन ।यस्तो अबस्थामा तोकिएको परिमाणमात्र संकलन गरी पालिकालाई प्राप्त हुनुपर्ने आय यथार्थरुपमा प्राप्त भएको भन्ने अबस्था छैन ।ठेक्का सम्झौता अनुसार तोकिएको परिमाणमात्र संकलन गर्ने गराउने कार्यको निरन्तर अनुगमन मुल्याँङ्कन गरी तोकिएको परिमाणभन्दा बढी संकलन नगरेको सम्बन्धमा सुनिश्चित हुने व्यबस्था हुनुपर्दछ । ठेक्का सम्झौता पश्चात तोकिएको परिमाण भन्दा बढी संकलन गरे नगरेको एकिन नगरे पनि उक्त नदी क्षेत्रबाट नदीजन्य संकलन प्रयोजनको काम गराउनु पर्ने भनि प्रत्येक बर्ष आई ई ई गर्ने प्रयोजनका लागि परामर्शदाता नियुक्त गरी काम गराइरहेको छ । | |
| ५६.६ | | | ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन, बिक्री तथा व्यबस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम नदीजन्य पदार्थ संकलन क्षेत्रमा सम्झौता लगायतका शर्त पालन भए नभएको अनुगमन नभएको, संकलन क्षेत्रमा तोकिए बमोजिमको सूचना पाटी राख्नु पर्नेमा राखेको प्रमाण पेश नभएको देखिन्छ । नदीजन्य पदार्थ संकलनको लागि ठेक्कापट्टाको कार्य गर्दा तोकिएका सबै पालना अनिबार्यरुपमा पालना गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| ५६.७ | | | उक्त नदीजन्य पदार्थ संकलनका व्यबसायीले यस पालिकाबाट प्रमाणित नगदी रसिद प्रयोग गरेरमात्र राजश्व संकलन गर्न पाउने सम्झौता अनुसार यस पालिकाबाट ५१ देखि ४८००० हजार नंम्बर सम्मका नगदी रसिदमात्र प्रमाणित गरी लगेको पालिकाको अभिलेखबाट देखिएकोमा उक्त व्यबसायीले प्रदेश सरकाबाट हस्तान्तरित चालूतर्फको गो भौ नं २४ मिति २०७९।३।२५ बाट शिबपुर टौला वौराहा खोलामा शंकर तिवारीको घर नजिक तटबन्ध निर्माण वापत उपभोक्ता समितिलाई भुक्तानी दिने प्रयोजनका लागि उपभोक्ताले उक्त व्यबसायीको नामबाट जारी गरेको | |

<table>
<tr><td></td><td></td><td></td><td>५७२९६ नम्बरसम्मका रसिद पेश गरेकोले उक्त व्यबसायीले यस पालिकाबाट नगदी रसिद प्रमाणित नगरी तोकिएको परिमाणभन्दा बढी परिमाणमा संकलन गरी पालिकालाई थप परिमाणको राजश्व नबुझाएको हुन सक्ने अबस्था देखिएको छ । यस सम्बन्धमा पालिकाबाट यथार्थता यकिन गरी संकलन गरेको परिमाण अनुसार पालिकालाई प्राप्त हुनुपर्ने सबै राजश्व प्राप्त भएको सुनिश्चित हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५६.८</td><td></td><td></td><td>मुल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्य अभिबृद्धि कर उठाउन नहुने उल्लेख छ । तर स्थानीय निकाय वा नेपाल सरकारले मुल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यबस्था गरेको छ । यस्ता निकाय मु अ कर दर्ता हुनु नपर्ने हुँदा यि निकायहरुले अशुल गरेको मु अ कर बेदर्तावालाबाट संकलन गरीने राजश्व शीर्षक नं ३३३१७ मा दाखिला गर्नु पर्ने थप कानुनी व्यबस्था रहेकोले तल तालिकामा उल्लेखित व्यबसायीबाट पालिका स्वयंले मु अ कर अशुल गरी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा क्रेडिट दाबी गर्ने नपाउने राजश्व शीर्षक नं ३३३१७ मा दाखिला गरेको सक्कल प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><td>क्रसं</td><td>काम</td><td>ठेक्का रकमरु.(मुअकर समेत)</td><td>व्यबसायीको नाम</td><td>अशुल गर्ने रकम</td></tr>
<tr><td>१</td><td>नदी जन्य पदार्थ संकलन</td><td>२,६९,५६,१५०।</td><td>ब्रिन्द्र सन्स कन्स्ट्रक्सन</td><td>३१,०१,१५०।</td></tr>
<tr><td>२</td><td>विज्ञापन कर</td><td>१,७५,१५०।</td><td>साइनहव प्रालि</td><td>२०,१५०।</td></tr>
<tr><td>३</td><td>कवाडी तथा जीबजन्तुकर</td><td>५,७२,९१०।</td><td>न्यू सुमित ट्रेडर्स एण्ड सप्लायर्स</td><td>६५,९१०।</td></tr>
<tr><td>४</td><td>ठुलो बगुलिया तालठेक्का</td><td>७३,५६,३००।(चारबर्षको)</td><td>तुलसा कन्स्ट्रक्सन प्रालि</td><td>२,११,५७५।</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>३३,९८,७८५।</td></tr>
</table>
पालिकाले नगर क्षेत्रका नगरपालिकाको स्वामित्वको कुल ६४ तालमध्ये ५० ताल २ देखि ४ बर्षसम्म ठेक्का लगाउँदा न्यूनतम कुल रु.१ करोड ४२ लाख ८३ हजार आम्दानी हुने भनि पालिकाबाट अध्ययन गरे गराएका प्रतिबेदनबाट देखिन्छ । अन्य १४ ताल पनि ठेक्का लगाउन सकिने तर न्युनतम कुल आम्दानी कति हुने उल्लेख छैन । उक्त ६४ तालमध्ये ठुलो बगुलिया ताल रु.२२,७७,०००। न्युनतम आम्दानी हुने अनुमान गरेकोमा रु. ६५,१०,०००।मा ठेक्का लागेको देखिन्छ । बाँकी ६३ तालसमेत आबश्यक प्रकृया पुरा गरी ठेक्का लगाउन सके पालिकालाई ठुलो रकम आय हुन सक्नेमा ठेक्का लगाउने सम्बन्धमा पालिकाबाट यथोचित प्रयाश गरेको पाइएन । ठेक्का नलगाइएका तालहरुबाट हुने आय कसले उठाएको छ वा छैन पालिकाबाट एकिन गरेको समेत देखिएन । सबैतालहरु प्रतिस्पर्धाको माध्यमबाट ठेक्का लगाउने व्यबस्था हुनुपर्दछ ।</td><td>३,३९८,७८५</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५७ | | | **वडा नं २ को जग्गा भाडा**<br><br>नगर कार्यपालिकाको २०७८।११।६ को निर्णय अनुसार नगरपालिकाको नाममा दर्ता श्रेष्ता कायम भएको र अन्तर्गतका वडा कार्यालयको नाममा रहेको (साबिकको यस न.पा.मा गाभिएका गा.बि.स. हरु) सरकारी जग्गा विगत लामो समय देखि ठेक्कामा गएको र अशुल उपर गर्नुपर्ने ठेक्का वापतको रकम अशुल गर्न ताकेता गर्ने र नयाँ प्रकृया वढाउने निर्णय भएको देखियो । उक्त निर्णय अनुसार साबिक साँढेपानी गा बि स हालको यस पालिकाको वडा नं २ मा रहेको पालिकाको ३ बिघा जग्गा बापत तीन जनाले बिगत तीन बर्ष देखिको भनि प्रति बिघा रु.१८ हजारका दरले कुल रु.१,६२,०००। पालिकामा जम्मा गरेको पाइयो । उक्त जग्गाको जग्गा धनि प्रमाण पूर्जा, सम्झौता पत्र लगायतका कागजात लेखापरिक्षण क्रममा पेश हुन नआएकोले उक्त दाखिला रकम यथार्थरुपमा सम्झौता अनुसार दाखिला भएको छ भन्ने अबस्था रहेन । पालिकाका उक्त स्थान जग्गा सहित सबै सम्पत्ति भाडामा दिँदा प्रतिस्पर्धाको आधारमा ठेक्का लगाउने र प्राप्त आय समयमै यथार्थ रुपमा दाखिला गर्ने व्यबस्था हुनुपर्दछ । | |
| ५८ | | | **राजश्व दाखिला -**<br><br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १२ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ५९ | | | **राजश्व अभिलेख -**<br><br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |

| | | | | |
|---|---|---|---|---|
| ६० | | | **व्यवसाय कर -**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कर संकलन गरेकोछैन र पालिकाको क्षेत्रभित्र रहेका सबै प्रकारका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ६१ | | | **कार्य योजना स्वीकृत नगरेको -**<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । यस पालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले यस पालिकाबाट कार्य योजना स्वीकृत नगरेको र वन पैदाबारको बिक्रीबाट प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा जम्मा गरेको समेत पाइएन ।कार्य योजना स्वीकृत गराउने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यबस्था हुनु पर्दछ । | |
| ६२ | | | **डोजर, लोडर, एक्साभेटर मर्मत -**<br><br>पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रु.८८५,०००। खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएको पाईएन भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको नपाईएकोले खर्च औचित्यपुर्ण देखिएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ । | |
| ६३ | | | **निरीक्षण नभएको -**<br><br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठन छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजश्व तथा हसवली राजश्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अध्याबधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाइएन ।यस्तो अबस्था यस कार्यालयलाई प्राप्त हुनु पर्ने सबै राजश्व प्राप्त भई कानूनी प्रकृया पुरा गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |

<table>
<tr><td>६४</td><td></td><td></td><td>ईन्धन -<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्दछ ।पालिकाले आ.व २०७८/७९ मा ईन्धन शिर्षकबाट रु.३८,३७,९२१।खर्च लेखेको छ । प्रयोगकर्ता,प्रयोजन र भ्रमण किलोमिटर जस्ता व्यहोरा स्पष्ट खुलाई ईन्धन उपलब्ध गराउनु पर्नेमा सबै भ्रमण तथा सरकारी कामकाजमा लगबुक तयार नगरी ईन्धन खर्च गरेको पाईयो। पालिकाले यस्तो कार्यमा सुधार गरी ऐन ,नियम बमोजिम ईन्धनको प्रयोग गर्ने तथा सोहि वमोजिम लगबुक व्यवस्थित गरी राख्ने र खर्च गर्ने मितव्ययीरुपमा खर्च गर्ने प्रवन्ध मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>सवारी मर्मत -<br><br>सवारी साधनको मर्मत गर्दा म. ले. प फारम नं ४१४ वमोजिमको मर्मत आदेश कार्यालय प्रमुखबाट स्वीकृत गराई मर्मत सम्वन्धी कार्य गर्ने र मर्मत गरिएका सामान सम्वन्धी अभिलेख म. ले. प फारम ४१५ बमोजिम राखी मर्मतको खर्च लेख्नु पर्दछ ।पालिकाले वर्षभरिमा मोटर साईकल,स्कुटर,गाडी, लगायतका सवारी साधन मर्मत गरी रु.२७,९३,२००।खर्च गरेको छ । सवारी साधन मर्मत गर्दा केही मर्मत आदेश स्वीकृत गरेपनी अधिकाँश पटक मर्मत आदेश स्वीकृत नगरी मर्मतका विलमात्र संलग्न राखि भुक्तानी दिएको पाईयो भने मर्मत अभिलेख पनी अद्याबधिक गरी राखेको छैन ।सबै साधन मर्मत गर्दा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत अभिलेख अद्याबधिक गर्दै खर्च लेख्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>वृतचित्र निर्माण-<br><br>पालिकाले विभिन्न सप्लायर्स र प्रा.ली सँग वृतचित्र निर्माण सम्वन्धी सम्झौतामा खर्च खुल्ने सम्पुर्ण बिल,भरपाई,सिडी र पेनड्राईभ सहित कार्यक्रम सम्पन्न गरेको प्रतिवेदन पेश गर्नु पर्ने उल्लेख छ । पालिकाले वडा र नगरपालिकाले गरेका कार्य समेटेर वृतचित्र निर्माण वापत रु. ३,४८,९८६।खर्च लेखेको भए पनि कार्यक्रम सम्पन्न भएको प्रतिवेदन सहित तयार गरेको प्रमाण पेश भएको छैन ।पालिकाले यस्तो कार्यमा सुधार गरी प्राप्त भएका स्रोत सामाग्री दाखिला गरेर पालिकाले आफ्नो सम्पतीको रुपमा ग्रहण गर्नु पर्दछ । यस सम्वन्धि केहि उदाहरण-
<table>
<tr><th>क्र.स</th><th>गो.भौ.नं र मिति</th><th>कार्यक्रमको नाम</th><th>भुक्तानी लिनेको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>८९,२०७८/८/२०</td><td>वडा नं ९ ले गरेका कार्य समेटेर वृतचित्र निर्माण</td><td>आभास संचार कम्पनी प्रा.ली</td><td>१,४४,९९०।</td></tr>
<tr><td>२</td><td>१६६,२०७८/९/२८</td><td>वडा नं १ ले गरेका कार्य समेटेर वृतचित्र निर्माण</td><td>आभास संचार कम्पनी प्रा.ली</td><td>१,७३,९९६।</td></tr>
<tr><td>३</td><td>४२२,२०७९/३/७</td><td>वडा नं ६ को समष्टीगत भिडियो</td><td>एम.वि मिडिया</td><td>३०,०००।</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा ३,४८,९८६। | |
| ६७ | | | **नाली सफाई -**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले कार्यालय संचालन तथा व्यवस्थापन खर्च शिर्षकबाट नाली सरसफाई उल्लेख गरी अरुण कन्सट्रक्सन प्रा ली को विल संलग्न राखी ५ नं वडा सचिव श्री नरेश प्रसाद जोशीलाई रु.३६,२५०।सहित कुल रु.१८२,७७४।भुक्तानी गरेको पाईयो ।नापी किताब र कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजात बेगर नाली सरसफाई वापतको रकम भुक्तानी हुनु मनासिव देखिएन। खर्च प्रमाणित गर्ने कागजात पेश हुनुपर्दछ रु.३६,२५०। | ३६,२५० |
| ६८ | | | **प्रतिवेदन तयार-**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (७) तलिम सेमिनार,गोष्ठी कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछी त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको सङ्ख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ ।यस पालिकाले सेमिनार,गोष्ठी,कार्यशाला र तालिमहरुको भुक्तानी दिँदा तालिमबाट लाभान्वित व्यक्तीको संख्या,खरिद गरिएका मालसामान र विषय वस्तुको वारेमा प्रष्ट खुल्ने गरी प्रतिवेदन तयार गरेको पाईएन । नियमावलीमा व्यवस्था भएअनुसार तालिम सञ्चालन गर्दा भएको खर्च र कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या खुल्ने गरी प्रतिवेदन तयार गरी स्विकृत गराउनु पर्दछ । पालिकाले संचालन गरेका तालिम, गोष्ठी तथा अभिमुखिकरणका केही उदाहरण निम्न अनुसार छन्; | |

| क स | गो भौ नं र मिति | कार्यक्रमको नाम | भुक्तानी लिनेको नाम | रकम रु. |
|---|---|---|---|---|
| १ | २२७,२०७८/११/२८ | वडा स्तरिय खेलकुद कार्यक्रम | माया उपाध्याय | २०५,३२०। |
| २ | ४२६,२०७९/३/८ | दलित क्षमता विकास कार्यक्रम | ईन्दु कुमारी जोशि | २,९६,०३८। |
| ३ | ४५५,२०७९/३/१५ | एकल महिला जेष्ठ नागरिक तथा अपाङ्ग सम्वन्धि कार्यक्रम | प्रमोद कुश्मी | १,८०,०००। |
| ४ | ४७९,२०७९/३/२१ | मुक्त कमलरी सम्वन्धी कार्यक्रम | निरु चन्द्र | २,९६,७०५। |
| जम्मा | | | | ९,७८,०६३। |

| | | | | |
|---|---|---|---|---|
| ६९ | | | **गाडी भाडा -**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली ,२०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद ,जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ ।यस पालिकाले वर्षभरिमा सवारी साधन भाडामा लिई रु.४,४८,६४०। खर्च गरेको छ । भाडामा लिँदा कार्यालयको कामकाज का लागि भनि सम्झौता गरी भाडामा लिएको देखिन्छ।भाडामा लिनुको प्रष्ट प्रयोजन र आवश्यकता नखुलाई पालिकाको आफ्नै गाडी हुँदाहुँदै भाडामा लिई प्रयोग गरेकोपाईयो । यस्तो कार्यलाई निरुत्साह गर्दै खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने देखिन्छ । | |
| ७० | | | **अनुगमन -**<br><br>सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ मा स्वदेश भ्रमण भत्ता आफ्नो स्थानिय तह वाहिर मात्र गएमा लिने मिल्ने उल्लेख छ । साथै भ्रमण खर्च नियमावली ,२०६४ को नियम ३ मा भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्न नपाउने व्यवस्था छ । पालिकाका २० कर्मचारी तथा पदाधिकारीले पालिका भित्रका संचालित योजना अनुगमन गरेको उल्लेख गरी भ्रमण आदेश स्वीकृत नगरी तथा कानुन आधार बेगर अनुगमन भत्ता भुक्तानी लिनु मनासिव देखिएन यस सम्वन्धमा यथार्थता एकिन गरी प्रकृया नपुगी भुक्तानी भएको रकम अशुल गर्नुपर्ने रु. | ८३५,१२५ |
| ७१ | | | **नर्म्स भन्दा बढी भुक्तानी -** | |
| ७१.१ | | | अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद नं ७.१.१५ सि. नं. ४ मा तालिम केन्द्र बाहेक अन्य निकायवाट नगरपालिकास्तरमा सञ्चालीत सहायक स्तरको तालिम / अन्य तालिममा कक्षा सञ्चालन वापत रू.७००। र कार्यपत्र वापत रू.८००। पाउने तथा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा सञ्चालन वापत पारिश्रमिक नपाउने तर कार्यपत्रकोमात्र पारिश्रमिक पाउने व्यवस्था छ। यस पालिकाले सञ्चालन गरेको देहायबमोजिमका तालिममा पालिकाभित्रकै स्रोत व्यक्तिले कक्षा सञ्चालन गरेकोमा कक्षा सञ्चालन र कार्यपत्र वापत निर्देशिका विपरित बढी रकम भुक्तानी भएको पाईयो ।निर्देशिका विपरित बढी भुक्तानी भएको रकम सम्वन्धित व्यक्तीबाट असुल गरी दाखिला गर्नुपर्ने रु | २६,४०० |

| क्र.स | गो.भौ.नं र मिति | नाम | कार्यक्रम | हुनु पर्ने रकम | भएको रकम कर कट्टी बाहेक | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| 1 | २८७,२०७९/१/७ | अनिता ढुंगना | फकर क्षमता भएका नागरिक संग अन्तरक्रिया | १,६००। | ५,१००। | ३,५००। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 2 | २८७,२०७९/१/७ | पुजा न्यौपाने | फकर क्षमता भएका नागरिक संग अन्तरक्रिया | १,६००। | ३,४००। | १,८००। |
| 3 | ४०१,२०७९/२/३१ | जुगिना चौधरी | एकल महिलाको क्षमता विकास कार्यक्रम | ३,२००। | ५,१००। | १,९००। |
| 4 | ४०१,२०७९/२/३१ | आरती शाहि | एकल महिलाको क्षमता विकास कार्यक्रम | १,६००। | २,५५०। | ९५०। |
| 5 | ४०१,२०७९/२/३१ | दामोदर पन्त | एकल महिलाको क्षमता विकास कार्यक्रम | २१,०००। | २९,७५०। | ८,७५०। |
| 6 | ४२६,२०७९/३/८ | मनोज व आर्चाय | दलित क्षमता विकास कार्यक्रम | ६,४००। | १०,२००। | ३,८००। |
| 7 | ४२६,२०७९/३/८ | संगिता चौधरी | दलित क्षमता विकास कार्यक्रम | ३,२००। | ५,१००। | १,९००। |
| 8 | ४२६,२०७९/३/८ | छत्रा कुमारी रावत | दलित क्षमता विकास कार्यक्रम | ६,४००। | १०,२००। | ३,८००। |

७१.२ | २२,०१५

| **क्र.सं.** | **गो.भौ.नं र मिति** | **कार्यक्रमको नाम** | **प्रशिक्षक** | **सेसन** | **भुक्तानी हुनुपर्ने (कर कट्टि सहित)** | **भुक्तानी भएको (कर कट्टि सहित)** | **बढी भुक्तानी भएको रू** |
|---|---|---|---|---|---|---|---|
| १ | ५५-२०७८।९।२८ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि अभिमुखिकरण कार्यक्रम | सुचना प्रविधि अधिकृत राम प्रसाद चौधरी | २ | १,३६०। | २,५५०। | १,१९०। |
| २ | ५५-२०७८।९।२८ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि अभिमुखिकरण कार्यक्रम | MIS अप्रेटर आरती चौधरी | २ | १,३६०। | २,५५०। | १,१९०। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ५५-२०७८।९।२८ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि गुनासो सुनुवाईलाई अभिमुखिकरण कार्यक्रम | MIS अप्रेटर राम चौधरी | २ | १,३६०। | २,५५०। | १,१९०। |
| ४ | ५५-२०७८।९।२८ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि गुनासो सुनुवाईलाई अभिमुखिकरण कार्यक्रम | फिल्ड सहायक सरिता कुमारी चौधरी | २ | १,३६०। | २,५५०। | १,१९०। |
| ५ | ९२-२०७८।११।९ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी क्षमता अभिवृद्धि तथा सीप विकास तालिम | सुचना प्रविध अधिकृत राम प्रसाद चौधरी | २ | १,३६०। | २,५५०। | १,१९०। |
| ६ | ९२-२०७८।११।९ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी क्षमता अभिवृद्धि तथा सीप विकास तालिम | MIS अप्रेटर आरती चौधरी | २ | १,३६०। | २,५५०। | १,१९०। |
| ७ | ९२-२०७८।११।९ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी क्षमता अभिवृद्धि तथा सीप विकास तालिम | MIS अप्रेटर राम चौधरी | २ | १,३६०। | २,५५०। | १,१९०। |
| ८ | ९२-२०७८।११।९ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी क्षमता अभिवृद्धि तथा सीप विकास तालिम | फिल्ड सहायक सरिता कुमारी चौधरी | २ | १,३६०। | २,५५०। | १,१९०। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| शिक्षा चालु | | | | | | | |
| ९ | २२-२०७९।१।६ | स्थानिय पाठ्यक्रम निर्माण सम्बन्धी कार्यशाला | उमेशराज रेग्मी | ५ | ३,४००। | ६,३७५। | २,९७५। |
| पशु चालु | | | | | | | |
| १० | ९-२०७९।१।१५ | स्थलगत व्यावसायिक बगुंर तालिम | अधिकृत छैठौ छत्रा कुमारी रावत | ४ | २,७२०। | ५,१००। | २,३८०। |
| ११ | ९-२०७९।१।१५ | स्थलगत व्यावसायिक बगुंर तालिम | सहायक चौथो मनोज बहादुर आचार्य | ६ | ४,०८०। | ७,६५०। | ३,५७०। |
| १२ | ९-२०७९।१।१५ | स्थलगत व्यावसायिक बगुंर तालिम | सहायक चौथो संगिता चौधरी | २ | १,३६०। | २,५५० | १,१९०। |
| कृषि चालु | | | | | | | |
| १३ | ४६-२०७९।३।१४ | कृषक तथा सरोकारवाला निकायसंग अन्तरक्रिया गोष्ठी कार्यक्रम | कृषि विकास अधिकृत जनक सिंह धामी | २ | १,३६०। | २,५५०। | १,१९०। |
| १४ | ४६-२०७९।३।१४ | कृषक तथा सरोकारवाला निकायसंग अन्तरक्रिया गोष्ठी कार्यक्रम | ना.प्रा.स. सुमित्रा कु. शाही | २ | १,३६०। | २,५५०। | १,१९०। |
| **जम्मा** | | | | | | | **२२,०१५।** |

| | | | | |
|---|---|---|---|---|
| ७२ | | | **भ्रमण खर्च -**<br><br>सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च वापत रु.१९,७९,६६३। खर्च गरेको छ ।भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन ।<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ,<br><br>• भ्रमण पश्चात तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ,<br><br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित अन्तरपालिका भ्रमणमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ,<br><br>• स्पष्ट प्रयोजन बेगर कर्मचारी र पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ,<br><br>• अधिकांश भ्रमण आदेशहरुमा भ्रमण आदेश नं नराखेको र भ्रमण अभिलेखमा सम्पुर्ण विवरण नखुलाएको ।<br><br>अतः स्पष्ट प्रयोजन र स्पष्ट उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च पालिकाकै प्रयोजनमा उच्चतम उपयोग गरेको भन्ने अबस्था रहेन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने कमी कमजोरीलाई सुधार गर्दै भ्रमण खर्च रकम पालिको उच्चतम उपयोगमा ल्याउन भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ७३ | | | **विमा -**<br><br>भ्रमण खर्च नियमावली ,२०६४ बमोजिम सरकारी कामको सिलसिलामा कर्मचारी तथा पदाधिकारी मुलुक भित्र वा वाहिर भ्रमममा जाँदा वा काज अवधिभर दुर्घटना विमा शुल्क वापत विलबमोजिमको रकम पाउने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निजामती कर्मचारीले रु.१० लाखसम्मको सामुहिक दुर्घटना विमा रकम दावि गर्न पाउने व्यवस्था छ । पालिकाले आ.व २०७८/७९ मा पालिकाभरीका कर्मचारी र पदाधिकारी गरी जम्मा २१५ जनाको रु.६,८८०।का दरले प्रिमियम वापत रु.१४,७९,२००।खर्च लेखेको छ । पालिकाले यसरी भुक्तानी गर्ने स्पष्ट आधार नदेखिएकोले स्पष्ट आधार तयार गरेर मात्र बीमा प्रिमियमबापतको रकम भुक्तानी दिने व्यबस्था हुनुपर्दछ । | |
| ७४ | | | **बैठक भत्ता -**<br><br>२०७९/३/७ अर्थ मन्त्रालयद्धारा जारी कार्यसंचालन निर्देशिका, २०७७ को ७.१.१मा स्पस्ट विषय वस्तु कार्ययोजना तथा कार्य शर्त सहित वैठक वस्नु पर्ने र एउटै निकाय वा अन्तरगतका पदाधिकारी तथा कर्मचारीमात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नपाईने व्यवस्था छ ।यस | ९१७,५०० |

<table>
<tr><td></td><td></td><td></td><td>पालिकामा कर्मचारीमात्र विभिन्न मितिमा कार्यालय समय भित्र र बाहिर बैठक बसेको भनि भत्ता भुक्तानी दिएकोले भुक्तानी दिएको निम्न अनुसारको रकम मनासिव देखिएन रु.
<table>
<tr><th>क्र.स</th><th>गो.भौ नं र मिति</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>५१,२०७८/६/२१</td><td>६१,०००।</td></tr>
<tr><td>२</td><td>६४,२०७८/७/१६</td><td>६६,०००।</td></tr>
<tr><td>३</td><td>२७५,२०७९/१/५</td><td>५४,०००।</td></tr>
<tr><td>४</td><td>३९६,२०७९/२/२५</td><td>६,१०,५००।</td></tr>
<tr><td>५</td><td>४३३,२०७९/३/१३</td><td>६३,०००।</td></tr>
<tr><td>६</td><td>४६६,२०७९/३/१९</td><td>६३,०००।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९,१७,५००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>प्रोत्साहन भत्ता -<br><br>नेपाल सरकार अर्थमन्त्रालयले जारी गरेको कार्यसञ्चालन निर्देशिका, २०७७ को नियम ७.१.४ मा अतिरिक्त समयमा गरिने काम र सेवाबाट प्राप्त हुने नतिजा लेखा उत्तरदायि अधिकृतबाट प्रमाणित गराइ प्रोत्साहन भत्ता दिन मिल्ने उल्लेख छ । त्यसै गरी उक्त नियममा त्यस्तो कार्यकालागि अतिरिक्त समय कार्य गरेको हुनुपर्ने र अनिवार्य रुपमा विद्युतिय हाजिरि लागु गर्नुपर्ने व्यवथा छ ।पालिकाले गाँउसभाले प्रोत्साहन भत्ता वापत सम्पुर्ण कर्मचारीलाई १५ प्रतिसतका दरले भत्ता उपलब्ध गराउने निर्णय भएकोमा स्थायी कर्मचारीलाई एक महिना वरावरको पारिश्रक रकम र करार कर्मचारीलाई आधा महिना वरावरको पारिश्रमिक रकमले हुने गरी आ व ०७८/७९ मा प्रोत्साहन भत्ता वापत रु.२७,२९,४८०।र वजेट निर्माणमा खटियवापत पोत्साहन भत्ता वापत रु.८००,०००।गरी कुल जम्मा रु.३,५२९,४८०। खर्च लेखेको छ ।निर्देशिकाको व्यवस्था पालन नगरि लेखिएको प्रोत्साहन भत्ता ,परिवहन खर्च र सभामा खटे बापतको भनि भत्त खर्च गर्नु मनासिव देखिएन । पालिकाले यस्तो कार्यमा सुधार गरी निर्देशिकाको पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>पदाधिकारी बैठक भत्ता -<br><br>सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ मा बैठक भत्ताको हकमा एक महिनामा वढीमा २ वटा वैठकसम्मको बैठक भत्ताको रकम भुक्तानी दिन सकिने उल्लेख छ । पालिकाले तपसिलबमोजिमका गाँउसभा</td><td>१,३३७,०००</td></tr>
</table>

सदस्यको ऐनले व्यवस्था गरेभन्दा बढी र वैठक नवसेको महिनाको समेत वैठक भत्ता र यातायात खर्च उपलब्ध गराएको हुँदा वैठक भत्ता र यातायात खर्च वापत वढी भएको भुक्तानी रकम सम्बन्धमा पालिकाबाटै यथार्थता एकिन गरी सम्वन्धितबाट असुल गरी दाखिला गर्नु पर्ने रु.

| क्र.स | नाम | बैठक र उपस्थिति अनुसार हुनुपर्ने भुक्तानी रु. | भएको भुक्तानी रु. | वढी भुक्तानि रु. |
|---|---|---|---|---|
| 1 | श्री ममता प्रसाद चौधरी | १०००० | | १८५०० | | ८५०० | |
| 2 | श्री प्रेम कुमारी थापा | १०००० | | १८५०० | | ८५०० | |
| 3 | श्री मनराज शाही | ९००० | | १८५०० | | ९५०० | |
| 4 | श्री हरी राज विष्ट | ३००० | | १८५०० | | १५५०० | |
| 5 | श्री कमल थारु | १०००० | | १८५०० | | ८५०० | |
| 6 | श्री टेक वहादुर बुढा | ९००० | | १८५०० | | ९५०० | |
| 7 | श्री प्रेम वहादुर रोकाया | ८००० | | १८५०० | | १०५०० | |
| 8 | श्री विनोद वाश्वकर्मा | ९००० | | १८५०० | | ९५०० | |
| 9 | श्री धन वहादुर वम | १०००० | | १८५०० | | ८५०० | |
| 10 | श्री भिम वहादुर बोगटी | ८००० | | १८५०० | | १०५०० | |
| 11 | श्री कृष्ण बहादुर शाह | ८००० | | १८५०० | | १०५०० | |
| 12 | श्री भिम वहादुर बम | ९००० | | १८५०० | | ९५०० | |
| 13 | श्री दान सिंह जोगी | ९००० | | १८५०० | | ९५०० | |
| 14 | श्री पर्ना कुमार चौधरी | ३००० | | १८५०० | | १५५०० | |
| 15 | श्री राजपती चौधरी | १०००० | | १८५०० | | ८५०० | |
| 16 | श्री निर्मला संज्याल | ९००० | | १८५०० | | ९५०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | 17 | श्री पार्वाती तिवारी | ८००० । | १८५०० । | १०५०० । | | |
| | | | 18 | श्री हसिना वि.क | ३००० । | १८५०० । | १५५०० । | | |
| | | | 19 | श्री शान्ति देवि चौधरी | १०००० । | १८५०० । | ८५०० । | | |
| | | | 20 | श्री रति कामि | २००० । | १८५०० । | १६५०० । | | |
| | | | 21 | राधा परियार | ३००० । | १८५०० । | १५५०० । | | |
| | | | 22 | श्री राधा सोनहा | ५००० । | १८५०० । | १३५०० । | | |
| | | | 23 | श्री नविन कुमार विष्ट | १००० । | २७००० । | २६००० । | | |
| | | | 24 | श्री पुर्ण वहादुर विष्ट | १००० । | २७००० । | २६००० । | | |
| | | | 25 | श्री चन्द्रा कुमारी चौधरी | १००० । | २७००० । | २६००० । | | |
| | | | 26 | श्री नैन बहादुर विष्ट | १००० । | २७००० । | २६००० । | | |
| | | | 27 | श्री तिर्थराज चौधरी | १००० । | २७००० । | २६००० । | | |
| | | | 28 | श्री गिता सुनार | १००० । | २७००० । | २६००० । | | |
| | | | 29 | श्री गणेश वहादुर वि.क | १००० । | २७००० । | २६००० । | | |
| | | | 30 | श्री ईन्दा वि.क | १००० । | २७००० । | २६००० । | | |
| | | | 31 | श्री कुँवर सिँह कठरिया | १००० । | २७००० । | २६००० । | | |
| | | | 32 | श्री अनिता चौधरी | १००० । | २७००० । | २६००० । | | |
| | | | 33 | श्री लक्ष्मी रुद्र न्यौपाने | ० | २७००० । | २७००० । | | |
| | | | 34 | श्री पुजा देवी न्यौपाने | १००० । | २७००० । | २६००० । | | |
| | | | 35 | श्री संगीता विश्वकर्मा | १००० । | २७००० । | २६००० । | | |

| | | | | |
|---|---|---|---|---|
| 36 | श्री जनकलाल चौधरी | १०००। | २७०००। | २६०००। |
| 37 | श्री अशादेवि चौधरी | ० | २७०००। | २७०००। |
| 38 | श्री राजु वि.क | १०००। | २७०००। | २६०००। |
| 39 | श्री काले खत्री | १०००। | २७०००। | २६०००। |
| 40 | श्री लाहुराम चौधरी | १०००। | २७०००। | २६०००। |
| 41 | श्री धन वहादुर चौधरी | १०००। | २७०००। | २६०००। |
| 42 | श्री लाल वहादुर चौधरी | १०००। | २७०००। | २६०००। |
| 43 | श्री कल्पना रेग्मी | १०००। | २७०००। | २६०००। |
| 44 | श्री राज कुमार कामी | १०००। | २७०००। | २६०००। |
| 45 | श्री पुर्णिमा वि.क | १०००। | २७०००। | २६०००। |
| 46 | श्री चन्नु प्रसाद चौधरी | १०००। | २७०००। | २६०००। |
| 47 | श्री देवचरण चौधरी | १०००। | २७०००। | २६०००। |
| 48 | श्री अमर प्रसाद जैशी | १०००। | २७०००। | २६०००। |
| 49 | श्री राधा देवी चौधरी | १०००। | २७०००। | २६०००। |
| 50 | श्री काली चुनारनी | १०००। | २७०००। | २६०००। |
| 51 | श्री मेघ बहादुर गुरुङ | १०००। | २७०००। | २६०००। |
| 52 | श्री कृष्ण प्रसाद चौधरी | १०००। | २७०००। | २६०००। |
| 53 | श्री कालिराम चौधरी | १०००। | २७०००। | २६०००। |
| 54 | श्री भौरी देवि सार्की | १०००। | २७०००। | २६०००। |

| | | | | |
|---|---|---|---|---|
| 55 | श्री भुमिन्द जोशी | ० | २७०००। | २७०००। |
| 56 | श्री राम प्रसाद भण्डारी | १०००। | २७०००। | २६०००। |
| 57 | श्री ईन्द्र देवी चौधरी | १०००। | २७०००। | २६०००। |
| 58 | श्री नारु भुल | १०००। | २७०००। | २६०००। |
| 59 | श्री महाराज कठरिया | १०००। | २७०००। | २६०००। |
| 60 | श्री नन्दराम कठरिया | १०००। | २७०००। | २६०००। |
| 61 | श्री प्रभु ड. थारु | १०००। | २७०००। | २६०००। |
| 62 | श्री मान वहादुर चौधरी | १०००। | २७०००। | २६०००। |
| 63 | श्री चन्द्रा डगौरा थारु | १०००। | २७०००। | २६०००। |
| 64 | श्री ओमकला परियार | १०००। | २७०००। | २६०००। |
| जम्मा | | २,०४,०००। | १५,४१,०००। | १३,३७,०००। |

७७ **विधुत जरिवाना -** ५५,९९२

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।यस पालिकाले विधुत महशुल भुक्तानी गर्दा उच्च जरिवाना रकम सहितको रकम भुक्तानी गरेको छ । समयमै विधुत महशुल भुक्तानी नगरी उच्च प्रतिशतमा जरिवाना सहित विधुत महशुल भुक्तानी गर्नु नियम सम्मत नदेखिएको रु.

| क्र.स | गो भौ.नं र मिति | महशुल रकम रु. | जरिवान रकम रु. | जम्मा भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| १ | १०,२०७८/६/१२ | १,७४,००८। | ३५,९२२। | २,१०,०००। |
| २ | २७१,२०७९/१/५ | ८०,०००। | २०,०००। | १,००,०००। |
| जम्मा | | २,५४,००८। | ५५,९९२। | ३,१०,०००। |

<table>
<tr><td>७८</td><td>१५<br>३</td><td>२०७<br>८-<br>१२-<br>१७</td><td>अनियमित भुक्तानी -<br><br>नेपालको संबिधान, २०७२ को धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची - ८ मा उल्लेखित बिषयमा निहित रहने उल्लेख छ । यस्तो अधिकारको प्रयोग यो संबिधान र गाउँसभा वा नगर सभाले बनाएको कानूनबमोजम हुने उल्लेख छ ।यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहलाई संबिधानको अनुसूची - ८ बमोजिम एकल अधिकारको सूची अर्न्तगत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ ।उक्त दफा बमोजिम स्थानीय तहले सामुदायिक बिद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत संभार, संचालन र व्यबस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ । तर यस पालिकाले बुलबुले बहुमुखी क्याम्पस पहलमानपुरका लागि नगर कार्यपालिकाको निर्णय अनुसार क्याम्पस व्यवस्थापनकालागि रु.५,००,०००।भुक्तानी दिएको कार्य नगरपालिकाको कार्य क्षेत्र भित्र पर्ने नदेखिएकोले उक्त खर्च सम्वन्धमा स्पष्ट गरी नियमित गर्नुपर्ने रु.</td><td>५००,०००</td></tr>
<tr><td>७९</td><td>२७<br>१</td><td>२०७<br>९-१-<br>५</td><td>विल भरपाई नभएको -<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । यस पालिकाले वडा नं ७ मा अवस्थित प्रहरी कार्यालय रंगरोगन खर्च वापत श्री कुलराज चौधरीलाई रु.४२,८००। भुक्तानी गर्दा विल भरपाई संलग्न नगरी भुक्तानी गरेको पाईयो।विल भरपाई लगायतका प्रमाण कागजात पेश नभएको अबस्थामा खर्च भएको पुष्टी गर्न नसकिने हुँदा खर्च प्रमाणित गर्ने विल भर्पाइ पेश नभए खर्च लेखेको रकम अशुल हुनुपर्ने रु.</td><td>४२,८००</td></tr>
<tr><td>८०</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा -<br><br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१,२२,३४,९००। सुविधा वापत भुक्तानी भएको छ ।उक्त खर्च पालिकाको आन्तरिक आय रु. १८६८४०१२।९०को ६५.४८ प्रतिशतरहेको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>प्रमुख/ अध्यक्ष</th><th>उपप्रमुख/ उपाध्यक्ष</th><th>वडा अध्यक्ष १२ जना</th><th>कार्यपालिका सदस्य ८ जना</th><th>सभाका सदस्य४३ जना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>२२०००</td><td>२२०००</td><td>२८८०००</td><td>१७६०००</td><td>८४०००</td><td>४९२०००</td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>४२०००</td><td>४२०००</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | टेलिफोन,मोबाइल | ८३५०० | ७१००० | ५९४००० | ३६४००० | १००८००० | २१२०५०० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ७७५०० | ५९५०० | ६२४००० | ३६४००० | १२६०००० | २३८५००० |
| ५ | समन्वय तथा सहजीकरण | १२०००० | १०७००० | १०१४००० | ६२४००० | २०१६००० | ३८८१००० |
| ६ | अतिथि सत्कार | १३१००० | १२०००० | ११५३५०० | ० | ० | १४०४५०० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ४७४०० | ४०००० | ३९०००० | २६०००० | ५०४००० | १२४१५०० |
| ८ | चाडपर्व खर्च | २७५०० | २५००० | २१६००० | ६४००० | ३३६००० | ६६६५०० |
| | जम्मा | ५०८९०० | ४४४५०० | ४१७९५०० | १८५२००० | ५२५०००० | १२२३४९०० |

८१

**कुखुराका चल्ला र वंगुर अनुदान -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तरसमेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।पालिकाले आ.व २०७८/७९ मा युवा स्वरोजगारका लागि कुखुराका चल्ला र वंगुर खरिद गर्न त्रिवेणी कृषि सहकारी सस्थालाई रु.५,००,०००। अनुदान दिई खर्च लेखेको सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्:

- कृषक छनोट र अनुदान वितरणका लागि स्पष्ट मापदण्ड तयार गरेको छैन ।

- पालिकाबाट प्रदान गरेको अनुदानले लाभान्वित कृषकको संख्या खुल्ने तथ्यांक व्यवस्थित राखेको पाईएन ।

- अनुदान वितरण गर्दा भरपाई मात्र संलग्न राख्ने गरेको परिचय खुल्ने अन्य कुनै कागजात संलग्न नगरेकोले सम्वन्धित व्यक्तीलेनै वुझेको एकिन हुन सक्ने अबस्था नरहेको ।

- पालिकाले वितरण गरेको अनुदानले स्वरोजगारमा सहयोग पुर्याएको छ /छैन यस्तो अनुदानलाई निरन्तरता दिने कि नदिने जस्ता विषयमा पालिकाबाट अनुगमन मुल्याँङ्कन गरेको पाइएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | • कुखुराका चल्ला वितरण गर्दा २०० देखि ५०० वटा सम्म प्रतिव्यक्तीलाई वितरण गरेको भरपाई संलग्न छ ।यस्तै गरी वंगुर वितरण गर्दा ३ देखि ५ वटा सम्म वितरण गरेको अर्थात एक व्यक्तिलाई धेरै परिमाणमा बितरण गरेको भरपाई संलग्न गरेको छ ।<br><br>पालिकाले वितरण गरेको अनुदानको प्रभावकारीता सम्वन्धमा नियमित अनुगमन गर्दै अनुदान उययोगको सुनिश्चिता हुने तथा स्वरोजगारी सिर्जना गरी किसानको जीवनस्तरमा सुधार ल्याउने गरी पारदर्शी प्रकृयाले कार्यक्रम संचालन गर्नतर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| ८२ | | | **नाप फरक पारी भुक्तानी-**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।पालि काले निश्चल मिडीया प्रा ली लाई बोलपत्र आवाह्न र आश्यको विज्ञापन वापतको रकम भुक्तानी दिँदा प्रकासित पत्रिकाको साईज अनुसार दिनु पर्नेमा निजले नाप बढाएर पेश गरेको विल अनुसार भुक्तानी गरेको छ ।नाप वढाएको विललाई आधार मानी भुक्तानी दिनु मनासिव देखिंदैन । पालिकाले उक्त प्रा.ली लाई आ.व २०७८/७९ मा अन्य विज्ञापन दिए नदिएको छानविन गरी वढी भुक्तानी दिएको रकम समेत गणना गरी असुल गर्नु पर्ने रु. | ७०,७२० |
| ८३ | | | **शिक्षकको तलब भत्ता -**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले जम्मा ४९ जना नगर शिक्षक नियुक्त गरि आ.व. २०७८।७९ मा नगर शिक्षकको लागी आन्तरिक श्रोत वाट रू. ९५,५५,०००। भुक्तानी भएको विवरण प्राप्त भएको छ।व्यवस्थापन सर्भे लगायताका कार्य आवश्यकता अनुसार गरी शिक्षक नियुक्त गरी भुक्तानी दिने व्यवस्था हुनु पर्दछ । | |

८४

**बिजक नमिलेको -**

मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिबृद्धिकरमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनसुची - ५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको बिभिन्न मितिका परिपत्र अनुसार मू.अ.करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने, कर बिजकमा हातले नंम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । कार्यालयले बिभिन्न निर्माण ब्यबसायी तथा आपूर्तिकर्ता फर्महरुलाई मू.अ.कर सहित भुक्तानी दिएकोमा अनुसूचि- ५ को ढाँचामा कर विजक जारी गरेको पाईएन । मू.अ.करमा दर्ता भएको व्यक्तिले रित पूर्वकको बिजक पेश नगर्नु र भूक्तानी दिनेले पनि सहि रुपमा कर बिजक यकिन नगरी भुक्तानी दिनु नियम संगत देखिएन । नियमानुसार कर विजक जारी नगरेकोले मू.अ.कर दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर ऐन तथा नियमावलीको व्यवस्था बमोजिम मू.अ.कर रकम असुल हुनुपर्ने रु.

| **क्र.सं.** | **बजेट उपशिर्षक** | **गो.भौ./मिति** | **व्यबसायीको नाम** | **बिजक नं** | **कुल भुक्तानी रकम** | **मु अ कर रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| 1 | न.पा.पूँजीगत | ३०९।०७९।१।२८ | गौतम अटोमोबाइल्स एण्ड सप्लायर्स | ७०,७४ | ७२७४८४। | ८३६९२।७५ | विजक नं हातले लेखेको |
| 2 | | ५२७।०७९।।२५ | त्रिवेणी कन्स्ट्रक्सन | ०१ | १८३६११७.५५ | २११२४।६५ | |
| 3 | | ५२२।०७९।३।२५ | डाईमण्ड निर्माण सेवा | ६ | १४९५४८५ | १३६८०३।२१ | |
| 4 | | १३०।०७८।१०।२१ | पारभति निर्माण सेवा | नभएको | ५३९७५० | ६११७४।८२ | विजक नं नभएको |
| 5 | | १६७।०७८।११।१० | | | ८८५०९१ | १०१८२४।६३ | मु.अ.कर विजक पेश नभएको |
| जम्मा | | | | | | ४०४६२०।०६ | |

४०४,६२०.०६

८५

**नन्फाइलर —**

१,६१४,२९४.२

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. १४,७५,८४८।९ समेत रु. १,२६,३०,८६१। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको भन्ने अबस्था नरहेकोले भुक्तानी दिएको मु अ कर समायोजन गरी बुझाएको दाखिला प्रमाण सहित सम्बन्धित आन्तरिक राजश्व कार्यलयको पत्र पेश हुनुपर्ने रु.

| क सं | गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मु.अ.कर रकम | नन फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| 1 | ७।०७८।६।१३ | पारभति निर्माण सेवा | ९०३०००। | १०३८८४।९७ | २०७८ |
| 2 | ४५०।०७९।३।१९ | पारभति निर्माण सेवा | ३१०१६४६। | ३५६८२५।९५ | २०७८ |
| 3 | १६७।०७८।११।१२ | पारभति निर्माण सेवा | ४७६९२९। | १०१८१६।४३ | २०७८ |
| 4 | २९६।०७९।१।६ | रामाशोशन निर्माण सेवा | १२०३४०९। | १३८४४५।३ | २०७८ |
| 5 | ३०३।०७९।१।८ | रामाशोशन निर्माण सेवा | ३३८५८९। | ३८९५२। | २०७८ |
| 6 | ४२३।०७९।३।७ | रामारोशन निर्माण सेवा | ४६०३६२। | ५२९६२। | २०७८ |
| 7 | ४।०७८।६।११ | रामारोशन निर्माण सेवा | १९९१५३९। | ३४४१५९।४४ | २०७८ |
| 8 | ५२७।०७९।।२५ | रामारोशन निर्माण सेवा | १०७६०२८।५७ | १२३७९०।९१ | २०७८ |
| 9 | ३३४।०७९।१।२२ | मसिना धनलक्ष्मि जे.भि | ३०७९३५८। | ३५३४५७।२ | २०७८ |
| जम्मा | | | ११४२७४५२। | १६१४२९४।२ | |

८६

**नागरिक आवास कार्यक्रम -**

५,७०८,२०७

सुरक्षित नागरिक आवास कार्यविधि, २०७५ को बुँदा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात बुँदा नं ५(४) वमोजिम स्थानीय तहसंग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी

निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३9(5) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई र प्रमाण र कागजात सम्लग्न हुनुपर्ने, नियम ३९(१०) बमोजिम भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ ।यस पालिकाले नागरिक आवास कार्यबिधि अनुसार उपलव्ध गराउनु पर्नेमा निकासा प्राप्त रकमलाई लाभग्राही संख्या अनुसार दामशाहीले बितरण गरेको छ । यसरी बितरित रकमबाट कार्यबिधिले तोकेको प्रकृया पुरा गरी आवास निर्माण गरेको छ छैन कुनै अनुगमन मुल्याँङ्कन गरी प्रतिबेदन तयार गरेको छैन । कार्यबिधिले तोकेको प्रकृया पुरा गरी आवास निर्माण पश्चात प्राप्त प्रमाण कागजात परीक्षण गरी भुक्तानी दिनुपर्नेमा सो अनुसार गरेको नदेखिएकोले बितरित रकम उदेश्य अनुसार खर्च भएको छ भन्ने अबस्था नरहेकोले यस्तो प्रकारले खर्च गर्ने कार्य मनासिब देखिएन । बितरित रकमबाट तोकिए अनुसार काम सम्पन्न भएको प्रमाण पेश हुनुपर्ने रु

| क्रसं | गोभौ/ मिति | भुक्तानी पाउने | किश्ता | प्रति व्यक्तिलाई दिएको रकम | कुल रकम |
|---|---|---|---|---|---|
| १ | ५/०७८।७।१५ | ८८जना | तेस्रो | रु.८,०००। | ७,०४,०००। |
| २ | ६/२०७८।८।२४ | ६४जना | पहिलो | रु.१७,७२४। | ११,३४,३३६ |
| | | २३९जना | दोस्रो | रु.१,४५६। | ३,४७,९८४। |
| ३ | १२/२०७८।९।२८ | नखुल्ने | नखुल्ने | नखुल्ने | ४,६९,४००। |
| ४ | १७/२०७८।१०।२६ | २३९ | नखुल्ने | रु.७,२४९। | १७,३२,५११। |
| ५ | ४४।२०७९।३।२४ | ५६ | अन्तिम | रु.२३,५७१। | १३,१९,९७६। |
| | | | | जम्मारु. | ५७,०८,२०७। |

८७

**सवारीसाधन खरिद —**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्नअनुसार सवारी साधन खरिदमा रु.१२,८१,२८४। खर्च गरेको छ ।

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं</td><td>सवारी साधन</td><td>संख्या</td><td>खर्च स्रोत</td><td>रकम</td></tr>
<tr><td>१</td><td>मोटरसाईकल</td><td>३</td><td>आन्तरिक स्रोत</td><td>१०५३७९९</td></tr>
<tr><td>२</td><td>स्कुटर</td><td>१</td><td>राजश्व बाँडफाँड</td><td>२२७४८५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१२,८१,२८४।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८८</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन -<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्र्इङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।</td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्च -<br><br>सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १०(७) संग सम्बन्धित अनुसूची १ मा व्यवस्था भए बमोजिम निर्माण कार्यको लागत अनुमानको कुल जोडमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी जम्मा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न पाइने व्यवस्था छ तर वर्कचार्ज स्टाफ खर्च र अन्य खर्च अन्तर्गत कस्ता खर्च समावेश हुने नियममा स्पष्ट उल्लेख छैन । पालिकाले कन्टिन्जेन्सी कार्यकालागि रु.३ लाख ३६ हजार नौ सय उन्नाईस खर्च गरेको जनाएको छ ।कन्टिन्जेन्सी खर्चको गर्ने सम्बन्धमा स्पष्ट व्याख्या गरी खर्च गर्ने गराउने सम्बन्धमा स्पष्ट हुन आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>९०</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण शाखा -<br><br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>९१</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण -</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर घोडाघोडी नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ</td><td></td></tr>
<tr><td>९२</td><td></td><td></td><td>म्युजिक भिडियो निर्माण<br><br>सार्वजनिक खरिद ऐन,2063 को दफा 5 बमोजिम एक लाख रुपैयाभन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । मेरो समाज नेपाल नामक गैर सकारी संस्थालाई पालिकाले पाँच बर्ष अवधिमा गरेका कार्यहरुको स्वरुप झल्कने गरि भिडियो डकुमेन्ट्रि बनाए वापत रु.4,५०,000/- भुक्तानी गरेकोमा सोको लागत अनुमान बनाएको छैन।साथै उक्त म्युजिक बनाएको भिडियो सि.डी.को दाखिला समेत पेश भएको छैन। सम्झौता बमोजिम काम भए नभएको यकिन गरी काम सम्पन्न भएको भिडियो सि.डि.को दाखिला गर्नुपर्ने रु</td><td>४५०,०००</td></tr>
<tr><td>९३</td><td></td><td></td><td>पदाधिकारी ईन्धन -<br><br>सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ मा चार पाङग्रे सवारी साधन उपलब्ध भएको खण्डमा प्रमुखलाई अधिकतम १७० लि ईन्धन मासिक रुपमा उपलब्ध गराउने उल्लेख छ।पालिकाले वर्षभरीमा ईन्धन वापत रु. ३८,३७,९२१।खर्च लेखेको छ ।उप प्रमुखलाई यातायात खर्च वापत मासिक रु.१०,०००। का दरले उपलब्ध गराएको छ । नगर प्रमुखले उपयोग गरेको ईन्धन खर्चको विबरण लकवुकमा नजनाएको र सवारी प्रयोगको प्रयोजन प्रष्ट हुने अन्य कागजात तथा प्रमाण नराखेकोले ईन्धन खर्च पालिकाकै प्रयोजनमा पूर्णरुपमा उपयोग भएको छ भनि सुनिश्चित हुने अबस्था रहेन । यस्तो प्रकृयाबाट खर्च गर्ने कार्यमा सुधारका लागि पालिकाले ध्यान दिई इन्धन खर्च पालिकाको उपयोगमा पूर्णरुपमा पालना गर्ने र गराउने तर्फ जोड दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९४</td><td></td><td></td><td>सोझै खरिद—<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक बर्षमा एक पटक वा पटक पटक गरी रु. १० लाखभन्दा बढीको खरिद एउटै व्यक्ति ,फर्म, कम्पनी वा संस्थाबाट गर्न नसकिने व्यबस्था भए पनि निम्न अनुसारका काम सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट खरिद गर्न सकिने नसकिने सम्बन्धमा कुनै व्यहोरा उल्लेख नगरि एकै व्यक्ति वा फर्मबाट रु. १० लाखको सीमासमेत नघाई निम्न अनुसार कार्यालयलाई आवश्यक सामान सोझै खरिद गरेको देखिन्छ । यसरी गरेको कार्य नियमित देखिदैन । खरिद गर्दा प्रतिस्पर्धाको लाभ प्राप्त हुने गरि गर्नु आबश्यक देखिन्छ ।
<table>
<tr><td>क्र.स</td><td>गो भौ नं र मिति</td><td>आपूर्तिकर्ता</td><td>रकम</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| १ | ४९,२०७८/६/२० | घोडाघोडी ट्रेड एण्ड स्टेसनरी सप्लायर्स | ४,२०,८५३। |
| २ | १२१,२०७८/९/६ | घोडाघोडी ट्रेड एण्ड स्टेसनरी सप्लायर्स | २,०५,४८७। |
| ३ | ४८३,२०७९/३/२१ | घोडाघोडी ट्रेड एण्ड स्टेसनरी सप्लायर्स | ३,६६,८२०। |
| ४ | ४८७,२०७९/३/२१ | जे.आर टेडिङ | ११,०३,२२९। |
| ५ | ५१६,२०७९/३/२५ | के.वि एण्ड डिटि सप्लायर्स | १०९४२८५। |
| ६ | ५१६,२०७९/३/२५ | न्यु नवदुर्गा कालिका सप्लायर्स | ९२५१५९। |
| जम्मा | | | ४१,१५,८३३। |

९५ **ह्युम पाइप खरिद**

९५.१ पालिकाले यस बर्ष विभिन्न वडाका लागि आवश्यक पाइप खरिद गर्दा देखिएका व्यहोरा निम्न छन्
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ। पालिकाले सम्झौता, नापी किताब संलग्न नगरी देहाय बमोजिमको कार्यक्रमबाट विभिन्न साइज का ह्युमपाइप तथा खानेपानी पाइप खरिद गरि वितरण गरेको देखिएकाले खरिद भएका पाइप जडान भएको नदेखिएकाले यस्ता सामाग्रीहरु आवश्यक स्थानमा प्रयोग नहुने जोखिम रहन्छ । पाइप खरिद गर्ने र जडान नगरि वितरण गर्ने कार्य नियन्त्रण हुनुपर्छ ।

९५.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरि खरिद गर्नुपर्ने व्यवस्था छ । त्यसैगरि सार्वजनिक खरिद नियमावली बमोजिम रु.१० लाख रुपैयासम्मको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने र १० लाख रुपैयाभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउत्रको माध्यमबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । सोझै खरिद गर्दा एक आर्थिक बर्षमा सिमा भन्दा बढिको खरिद गर्न नहुने उल्लेख छ । यस गाउँपालिकाले निम्न निर्माण तथा खरिदकार्यलाई टुक्रा गरि लागत अनुमान तयार गरि पटक पटक लागत अनुमानकै हाराहारीमा काम गराई भुक्तानी दिएको छ ।यसरी खरिद गर्दा प्रतिस्पर्धाको लाभ प्राप्त नभई मितव्ययी समेत नहुने देखिन्छ । पालिकाले खरिद ऐन तथा नियमावलीको व्यवस्थाको पालना गर्दै खरिद कार्य गर्नु आवश्यक देखिन्छ ।

| भौ।नं। ।मिति | आपुर्तक | साइज | संख्या | रकम रु |
|---|---|---|---|---|
| ६८।०७८।७।१६ | वर्दगोरिया ह्युम पाइप एण्ड कंक्रिट उद्योग | NP3 450mm | ५४ | १२९४२९५। |
| | | NP3 600mm | ४० | ७०३३१२। |

| | | | | |
|---|---|---|---|---|
| ३१६।०७९।१।११ | वर्दगोरिया ह्युम पाइप एण्ड कंक्रिट उद्योग | NP3 450mm | १२ | २१११८३। |
| | | NP3 600mm | २५ | ५९८९००। |
| | | NP3 900mm | २ | ७८८५१। |
| | | NP3 1200mm | २ | १०८८६४। |
| ४१८।०७९।३।५ | जालपादेवी ह्युम पाइप एण्ड कंक्रिट उद्योग | NP3 600mm | ३ | ७१५५७। |
| | | NP3 900mm | २ | ७२७९२। |
| **नगरपालिकाबाट खरिद जम्मा** | | | =SUM(ABOVE) 140 | ३१३९७५४। |

९६

**मु अ कर समायोजन**

६३,७१२

आर्थिक ऐन, २०७८ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर गाँउपालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. ४०,८९७।९७ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ। यसरी भुक्तानी दिनु मनासिब नदेखिएकोले मु.अ.कर भुक्तानी रकम सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाएको प्रमाण पेश हुनुपर्ने रु.

| **गोभौनं./मिति** | **भुक्तानी पाउनेको नाम** | **भुक्तानी रकम** | **मु अ कर कर रकम** | **३० प्रतिशत रकम** |
|---|---|---|---|---|
| २९०/२०७९/१/४ | गंगा अटोमोवाइल्स | ५५३८००। | ६३७१२। | १९११४। |
| जम्मा | | | | |

९७

**कर कट्टि**

३,६००

आयकर ऐन, २०५८ को दफा ८८ अग्रिम करकट्टी सम्बन्धि व्यवस्था छ ।गाउँपालिकाले विभिन्न समयमा भएको खाजा खर्च रकम बापत प्रशान्त चौधरीलाई र इलाका प्रहरी कार्यालयलाई विभिन्न कम्प्युटर सामाग्री हस्तान्तरण का लागि जे.आर.ट्रेडिङ्गलाई सामाग्रि खरिद बापतको रकम भुक्तानि दिदा अग्रिम करकट्टी नगरेकोले नेपाल सरकारलाई प्राप्त हुनुपर्ने अग्रिम करछुट हुन गएको देखियो । तसर्थ देहायको भुक्तानीमा छुट भएको कर सम्बन्धित फर्मबाट असुलउपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | भौ।नं/मिति | प्रयोजन | विल रकम | करकट्टि हुनुपर्ने रकम | करकट्टी भएको रकम | कर छुट रकम |
|---|---|---|---|---|---|---|
| 1. | ११८।०७८।११।२९ | विभिन्न खाजाको भुक्तानि | ७००००। | १०५०। | ० | १०५०। |
| | | कम्प्युटर समाग्रि खरिद | १७००००। | २५५०। | ० | २५५०। |
| | जम्मा | | | | | ३६००। |

९८

**बढी भुक्तानी**

सार्बजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपिनयम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलेहरेक किस्ताको कामको प्राविधिक मूल्यॉंङ्कन,विल भपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तोसमिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्बजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ ।उल्लेखित व्यहोरा अनुसार उपभोक्ता समितिले ग्राभेल सडक निर्माण गरी भुक्तानी लिएको केही भौचर परीक्षण गर्दाउपभोक्ताले खरिद गरेको ग्राभेल कम्याक्सन पछि ग्राभेलको परिमाण घटन जानेमा सो अनुसार नघटाई कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोले निम्न अनुसार बढि भुक्तानि भएको देखियो । बढि भुक्तानि दिएको रकम सम्बन्धमा यकिन गरी सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.७,६५,४४६।(कम्प्याक्सन पछिको ग्राभेल=खरिद गरिएको ग्राभल/१.२८ घ.मि.)

| गो.नं।मिति | उपभोक्ता समितिको नाम | खरिद परिमाण घ.मि. | हुनुपर्ने परिमाण घ.मि. | ठेक्का बिलमा उल्लेखपरिमाण घ.मि. | बढि परिमाण घ.मि. | भुक्तानी दर रु. | बढी भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| ११३।०७८।९।२८ | बगुलिया वनशक्ति देखि वडा नं २ जाने बाटो निर्माण | ३७७.३ | २९४.७६ | ३७६.१७ | ८१.४ | १०९३.२३ | ८८९९४। |
| ११६।०७८।९।2९ | आमखोइया वालविका आ.वि देखि सृजना वस्ती सम्मको बाटो निर्माण | ३९० | ३०५.६९ | ३६२.९६ | ५८.२७ | ११९३.७४ | ६९५६२। |
| ११७।०७८।९।२९ | सिमथरी डाँडा देखि माथि जाने बाटो ग्राभल | ८५०.९२ | ६६४.७८ | ८४५.३२ | १८०.५२ | १०८६.८ | १९६२०९। |

७६५,४४६

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२१।०७८/१०/१८ | महेन्द्र कठरियाको घर देखि ज्ञान ज्योती मा.वि. जाने बाटो स्तरोन्नती | २९७.३ | २३२.२६ | २९३.४ | ६१.१३ | १०८६.८७ | ६६४४४। |
| १२२।०७८/१०/१८ | रामपुर झोलुङ्गेपुल देखि स्कुल जाने बाटो | २२१ | १७२.६६ | २१४ | ४१.३४ | १०८६.८७ | ४४९३५। |
| १२३।०७८/१०/१८ | विचफाँटा बाटो निर्माण | २३०.४ | १८० | २२५.९ | ४५.९ | १०८६.८७ | ४९८८७। |
| १२५।०७८/१०/२० | झुडिया टोलमा कल्भर्ट तथा बाटो निर्माण | ८९४.६ | ६९८.९१ | ८३१.३ | १३२.३९ | १०८६.८७ | १४३८९०। |
| १३१।०७८/१०/२३ | शिव मन्दिर देखि त्रिवेणी टोलको सिम सम्म माटो पटानी तथा ग्राभल | ४५९ | ३५८.५९ | ४५५.७ | ९७.११ | १०८६.७ | १०५५२५। |
| जम्मा | | | | | | | ७६५४४६। |

९९

**बढी परिमाणको भुक्तानि**

३०,०५०

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख)मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरु मार्फत निम्नानुसारको कार्यको नापी कितावमा उल्लेखित वास्तविक परिमाण भन्दा बढी परिमाणको कार्य उल्लेख हुनगइ भुक्तानी भएको देखिएकोले बढी भएको भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितबाट असुल गर्नुपर्ने रु.

| **क्र.सं** | **योजना तथा उपभोक्ता समितिको नाम** | **वास्तविक भन्दा बढी देखिएको परिमाण** | **औसत दर रु** | **बढी भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | मुक्त कमैया शिविरमा २० वटा शौचालय निर्माण | ३.४ घ.मि. | १७७०।९६ | ६०२१। | जगको खाडलमा ढुङ्गा भर्ने र लेभल गर्ने काममा ट्वालेटको बिच भाग १ हुनुपर्नेमा २ भएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १.८ घ.मि. | १३३५०।७ | २४०३१। | सिमेन्ट कंक्रिट गर्ने काममा ट्वालेटको बिच भाग १ हुनुपर्नेमा २ भएको | |
| | | | जम्मा | | | | ३००५२। | | |
| १०० | | | **अनुत्पादक खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्दछ ।अर्थात सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने तथा पूजिगत निर्माण गर्ने जस्ता कार्य गर्नेगरी खर्च गर्नुपर्नेमा देहाय बमोजिमका अनुत्पादक योजनामा रु.१४,४७१९८। खर्च गरेको देखिन्छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | | | | | | |

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | मान ब.विष्टको घर नजिक चौतारो निर्माण | १९९५९८। |
| २ | वडा नं १ पिपलडाँडामा चौतारो निर्माण | ५८८००। |
| ३ | वडा नं १० व्याडमिन्टन हल निर्माण | ९०००२२। |
| ४ | वडा नं ८ पिपल चौतारो निर्माण | १४३८९३। |
| ५ | वडा नं १ जनकपुर चौतारो निर्माण | १४४८८५। |
| | **जम्मा** | १४४७१९८। |

| | | | | |
|---|---|---|---|---|
| १०१ | | | **योजना हस्तान्तरण**<br><br>सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक टाँस गर्नुपर्ने,तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने,९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख,मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । यस्तो प्रकृया नियमानुसार नभएकोले तोकेको प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १०२ | | | **खर्च सार्वजनिकिकरण**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आपूmले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिमार्फत निर्माण गरेका सबै योजनाको संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको सम्पुर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट र खर्च सार्वजनिक गरेको प्रमाण पेश गरेको पाइएन । नियममा भएको व्यवस्था अनुसार सबै प्रकृया पुरा गरी उपभोक्ता समितिमार्फत कार्य गराउनु पर्दछ । | |
| १०३ | | | **हेभिइक्विपमेन्ट प्रयोग**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभए पनि नापजाँच गरी भुक्तानी दिएको देखिएको छ । यस्तो कार्य नियमानुसार नभएकोले सुधार हुनुपर्दछ । | |
| १०४ | | | **थप प्रमाण**<br><br>उपभोक्ता समिति गठन,परिचालन तथा व्यबस्थापन सम्बन्धी सम्बन्धी कार्य गर्दा उपभोक्ता भेला गरेको माइन्युटका अतिरिक्त उपभोक्ता समितिले बिभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संम्लग्न गरेमा कामको बिश्वसनियता बृद्धि गर्न थप गर्न सहयोग पुऱ्याउनेमा सो अनुसार गरेको देखिने प्रमाण प्रमाण पेश गरेको देखिदैन ।यस्तो अबस्थामा उपभोक्ता समितिको नामबाट भएका बिभिन्न बैठक तथा सार्बजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि बिश्वस्त हुने अबस्था छैन । यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ । | |
| १०५ | | | **बढी दरमा खरिद**<br><br>आ.व.२०७८।०७९ का लागि कैलाली जिल्लाको जिल्लाको दररेट अनुसार ह्युम पाइप (NP2 300mm) खरिद गर्दा प्रति गोटा रु.६,७०९। ढुवानी र मु अ कर बाहेक तोकेको छ । पालिकाले महेन्द्र राजमार्गसँग जोडिएको नया बजार ब्लकमा ५ सडक ग्राभल गर्ने कार्य गर्न गठित | ३०,७९८ |

<table>
<tr><td></td><td></td><td></td><td>उपभोक्ता समितिलाई ह्युम पाइप खरिदका लागि दर विश्लेषण गर्दा प्रति गोटा रु. १२,४३७।२५ का दरले गरी भुक्तानि दिएको देखिन्छ । ढुवानी भाडा सहित जिल्ला दररेटभन्दा बढी भुक्तानी भएको रु.३,८४९।७३ ले ८ ह्युम पाइपको हुन आउने रु.३०,७९८। सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>१०६</td><td></td><td></td><td>सहकारी संस्थाको भवन निर्माण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(ख) मा सहकारी संस्था स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने र सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड निर्माण, कार्यान्वयन र नियमन समेत स्थानीय तहले गर्ने उल्लेख छ ।उक्त दफा बमोजिम पालिकाले सहकारी संस्था सम्बन्धी कुनै कानून तथा मापदण्ड तयार नगरि निम्न सहकारी संस्थालाई भवन संरचना निर्माणका लागि अनुदान रकम उपलब्ध गराएको छ । पालिकामा हालसम्म कुनै पनि सहकारी दर्ता नभएको र पालिकाले सहकारी सम्बन्धी कानून समेत नबाएको अवस्थामा सहकारीलाई भवन लगायतका संरचना निर्माणमा दिएको रकम सहि सदुपयोग भए नभएको यकिन नहुने देखिन्छ । अत कानून बनाएर अनुदान दिने र अनुदानको सदुपयोग भए नभएको अनुगमन समेत गर्नुपर्ने देखिन्छ ।<br><br>
<table>
<tr><th>भौ.नं./मिति</th><th>सहकारीको नाम</th><th>प्रयोजन</th><th>भुक्तानि रकम</th></tr>
<tr><td>४२२।।०७९।३।६</td><td>दिगो सामुदायिक तथा वातावरण संरक्षण बहुउद्देश्यीय सहकारी</td><td>भवन निर्माण</td><td>३,८९,३३२।</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०७</td><td></td><td></td><td>साझेदारीमा विद्यालय भवन निर्माण<br><br>यस पालिका अन्तर्गतका तोकिएका विद्यालयहरुमा ३ कोठे भवन र २ कोठे पक्की शौचालय निर्माणका लागि बिल्ड अन नेपाल नामको गैर सरकारी संस्थासँगको साझेदारीमा पालिकाले उक्त कार्य गर्ने गरि सम्झौता भएको देखिन्छ । उक्त संस्थासँग भएको सम्झौतामा बिल्ड अन नेपाल ले ३ कोठे पक्की भवन तथा दुई कोठे पक्की शौचालयको लागि लाग्ने सामाग्रीहरु (जो स्थानीय स्तरमा उपलब्ध हुँदैन र खरीद गर्नु पर्ने सामाग्रीहरु मात्र), इट्टा, सिमेन्ट, सरीया, किला कांटा, चुना, रंगरोगन, प्लास्टिक, फलामे झ्याल, छत ढलानको सामाग्री, काठको ढोका बनाउन मिस्त्री उपलब्ध गराउने उल्लेख छ । उक्त सम्झौतामा विद्यालय/समुदायले निर्माणको लागि पूर्णरुपमा जनश्रमदान गर्नु पर्ने उल्लेख छ । उक्त कार्य गर्दा नगरपालिकाले निर्माण कार्यमा लाग्ने स्थानीय सामाग्री वालुवा, गिट्टि, ढुंगा, काठ तथा अन्य सामान बापतको रकम उपलब्ध गराउने उल्लेख छ ।सम्झौता अनुसार समुदायले निर्माण कार्य सम्पन्न भए पछि पालिकाको तर्फबाट स्थानीय निर्माण सामाग्रीकोमात्र छुटै लागत अनुमान तयार गरि प्राप्त भए पछि उक्त सामाग्रीको हुने रकम भुक्तानि गर्नुपर्नेमा र सम्पूर्ण कार्य सम्पन्न पश्चात भवन निर्माणको सम्पन्न प्रतिवेदन नगरपालिकालाई बुझाउनु पर्ने उल्लेख छ । उक्त कार्यको लागि नगरपालिकाले रु.६,००,०००। मात्र भुक्तानि गर्ने उल्लेख भए पनि समुदायको योगदानको रकम उल्लेख छैन । श्रेस्ता परिक्षणका क्रममा उक्त कार्यको नापी किताबमा उल्लेख सम्पूर्ण कार्यको रकममध्ये सम्झौतामा उल्लेख भए</td><td></td></tr>
</table>

बमोजिम रकममा नबढ्ने गरि छनौट भएको तल उल्लेखित विद्यालयलाई भुक्तानि दिएको देखिन्छ । यस्ता कार्य गर्दा सबैको लागत सहभागिता खुल्ने प्रमाण सहित कार्य स्वीकार/सम्पन्न प्रतिबेदन पेश गर्ने व्यबस्था हुनुपर्दछ ।

| क्र.सं. | भौ.नं/मिति | विद्यालयको नाम | भुक्तानि रकम रु. |
|---|---|---|---|
| 1 | २३१।०७८/१२/१५ | जनकल्याण मा.वि. | ५,९४,५२६। |

१०८ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, प्रभावकारिता, कार्यदक्षता र औचित्यतासमेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।तर पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी निम्नानुसार खर्च गरेको छ । वजेट तथा कार्यक्रम तय गर्दा कानुन वमोजिम उत्पादनमुलक कार्यमा विनियोजन गरी खर्च गर्नुपर्दछ ।

| क्र स | कार्यलय वा संस्थाको नाम | कामको प्रकृतिको | भुक्तानी रकम रु. |
|---|---|---|---|
| 1 | लठुवा सामुदायिक भवन | भवन निर्माण | १३००००। |
| 2 | वडा नं ९ जनजाती भवन घेरवार | भवन निर्माण रघेरवार | ४८९३१३। |
| 3 | घोडाघोडि क्याम्पस | फर्निचर खरिद | ३०००००। |
| 4 | थारु सामुदायिक भवन | भवन निर्माण | ११५०००। |
| 5 | जय लक्ष्मि कृषि समुह | फर्निचर खरिद | ५००००। |
| 6 | किर्तीपूर टोलमा सामुदायिक भवन | भवन निर्माण | ३०६२४७। |
| 7 | रेडक्रस सोसाइटी | स्टोर निर्माण | १५५८९९। |
| 8 | वसन्ता बहुउद्देश्यीय सहकारी | भवन निर्माण | ५४७५९५। |
| 9 | वडा नं ९ मगर टोलमा समूह घर निर्माण | भवन निर्माण | ४७२२८७। |
| 10 | ससरंगी सामुदायिक वन | भवन निर्माण | ४८४८६९। |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| 11 | राधाकृष्ण सामुदायिक वन | घेरवार | १४४७६६। |
| 12 | सदावहार सामुदायिक वन | भवन मर्मत | ९०९६०। |
| **जम्मा** | | | **३२,८६,९३६।** |

१०९

**परामर्श सेवा -**

सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवा लागत अनुमानको हाराहारीमा खरिद गरी रु. ३८,७९,०५८। खर्च लेखेको छ ।

पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा लागत अनुमान कै हाराहारीमा भुक्तानी दिने सम्झौता गरी खर्च गरेको छ । अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा जाने सुनिश्चितता भएको समेत देखिएन । प्राप्त प्रतिवेदन सम्पत्तीको रुपमा अभिलेख राखी कार्यान्वयनमा लैजानु पर्दछ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** |
|---|---|---|---|
| पानी टयाङ्की | रोयल कल्सल्टेन्स | ९,५०,०००। | ९,५०,०००। |
| खेलमैदान | रेनु ईन्जिनियरिङ्ग | ४,९७,२००। | ४,९७,२००। |
| ढुङ्गागिट्टी बालुवा | सुदुरपश्चिम मल्टीप्रपोज सोलुशन | १४,४६,४००। | १४,४६,४००। |
| कृषी क्षेत्रको अनुसन्धान | आजभोली मेडिया प्रा.ली. | १०,००,०००। | ९,८५,४५८। |
| **जम्माः** | | ३८,९३,६००। | ३८,७९,०५८। |

<table>
<tr><td>११०</td><td></td><td></td><td>हेभि इक्विपमेन्ट प्रयोग<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर बिटुमिन डिस्ट्रिव्युटर, बिटुमिन व्याइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नहुने उल्लेख छ । यस पालिकाबाट विभिन्न कार्यका लागि उपभोक्ता समितिसँग सम्झौता भएकोमा सम्झौतामा खन्ने कार्यका लागि मानिसद्वारा गरिने कार्यको दर विश्लेषण गरि लागत अनुमान तयार गरेको र भुक्तानि समेत सोहि दरमा भएको छ । तर उपभोक्ता समितिले कार्यसम्पन्न पश्चात पेश गरेको कागजातमा संलग्न तस्विरमा स्काभेटरले खनेको र केहि योजनामा खन्ने कार्यबापत निर्माण व्यवसायीले पेश गरेको मु अ कर विजक पेश भएबाट उक्त योजनामा खन्ने कार्यमा हेभि इक्विपमेन्ट प्रयोग भएको देखिन्छ । मेशिनद्वारा खन्ने कार्य प्रति घन मिटर रु. ७२। जिल्ला दर रेट अनुसार गरेको भए पनि मानिसको दर प्रति घनमिटर रु.४३९।८१ भुक्तानी भएकाले बढि भुक्तानी भएको रकम सम्बन्धमा पालिकाबाटै एकिन गरी असुल गर्नुपर्ने रु २६,३९०।</td><td>२६,३९०</td></tr>
<tr><td>१११</td><td></td><td></td><td>नन्फाइलर —<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपसिलबमोजिमको फर्मलाई मू.अ.कर रु.१,२१,७५८। समेत रु.१०,५८,३५८। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म उक्त फर्मले कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले मु.अ कर समायोजन प्रमाण पेश नभए भुक्तानी दिएको मु अ कर अशुल हुनुपर्ने रु.<br><table><tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr><tr><td>३०६।०७९।१।११</td><td>निश्चल मिडीया प्रा.ली</td><td>६००१९३८१४</td><td>१०५८३५८।</td><td>१२१७५८</td><td>२०७८।१।८</td></tr></table></td><td>१२१,७५८</td></tr>
<tr><td>११२</td><td></td><td></td><td>दिवा खाजा -<br><br>आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वकोमात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ। पालिकाले शसर्त अनुदानबाट कुल ५१ विद्यालयका लागि दिवा खाजा बापत रु. २,१०,०१,२७५। विद्यालयको खातामा रकम निकासा गर्ने गरेको पाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाईएन। यसरी निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै निकायबाट अनुगमन हुने</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गरेको नदेखिएकोले निकासा रकमको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन । पालिका र अन्य सम्वन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ । | |
| ११३ | | | **सामुदायि सिकाई केन्द्र -**<br><br>स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको,विधान वमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारण शभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको,गत आ.व को खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु.२ लाख अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाई केन्द्र सञ्चालन बापत निम्न सिकाई केन्द्रलाइ सञ्चालन अनुदान निकासा भएको देखियो।उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धी खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अत: अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।<br><br><table><tr><th>क्र.स.</th><th>गो.भौ.नं.।मिति</th><th>सिकाई केन्द्रको नाम</th><th>रकम</th></tr><tr><td>१</td><td>८१-२०७८।११।५</td><td>सुखड सामुदायिक सिकाई केन्द्र</td><td>२,००,०००।</td></tr><tr><td>२</td><td>२२७-२०७९।३।२१</td><td>सुखड सामुदायिक सिकाई केन्द्र</td><td>१,००,०००।</td></tr><tr><td colspan="3">जम्मा</td><td>३,००,०००।</td></tr></table> | |
| ११४ | | | **बालबिकास सहजकर्ता -**<br><br>यस पालिकामा कुल ७३ बाल विकास केन्द्र संचालनमा रहेका छन्। आ.व. २०७८।७९ को EMIS विवरण अनुसार बाल विकास केन्द्रमा जम्मा १,८८० जना बालबालिका रहेको देखिन्छ। तराइको विद्यालयमा एक जना शिक्षक बराबर २० जना विद्यार्थी हुनुपर्दछ। उक्त व्यकस्था अनुसार यस पालिकालाई बाल विकास सहजकर्ता आवश्यक देखिएकोले दरबन्दी मिलान गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ११५ | | | **शिक्षक दरवन्दी र पदपुर्ति -**<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३४ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ। सवै बिद्यालयमा तोकिए अनुसार शिक्षक बिद्यार्थी अनुपात मिलाउनु पर्ने देखिन्छ। | |

| सि.नं. | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ५१ | ३२५ | ३२३ | २१८ | २०,५७९ | १:६३ |

११६

**शिक्षक विद्यार्थी अनुपात -**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका अन्तर्गत रहेका ३४ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| सि.न. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | श्री बाल प्रा.वि. खोपा | ३ | ३ | ४६ | १:१५ |
| २ | श्री कालिका प्रा.वि. सिङरूवा | ४ | ४ | ८३ | १:२० |
| ३ | श्री जनप्रगतिशील आ.वि. डुडापारी | ५ | ५ | १०७ | १:२१ |
| ४ | श्री कालिका आ.वि. शितलपुर | ३ | ३ | ६८ | १:२२ |
| ५ | श्री मोहन्याल आ.वि. नारायणपुर | ८ | ८ | २४१ | १:३० |
| ६ | श्री सरस्वती आधारभुत विद्यालय निम्दी | ९ | ९ | २९९ | १:३३ |
| ७ | श्री घोडाघोडी आ.वि. भालुफाटा | ५ | ५ | १७४ | १:३४ |
| ८ | श्री राष्ट्रिय मा.वि. नकफोडुवा | १० | १० | ३८३ | १:३८ |
| ९ | श्री समैजी आधारभुत विद्यालय जुरपानी | ८ | ८ | ३३५ | १:४१ |
| १० | श्री राष्ट्रिय जनता आ.वि. | ४ | ४ | १९४ | १:४८ |
| ११ | श्री चौड्याल आ.वि. शिरानगर | ५ | ५ | २७९ | १:५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | श्री राष्ट्रिय मा.वि. सुखड | २० | २० | १२८५ | १:६४ |
| १३ | श्री गङ्गरी आ.वि. बगुलिया | ३ | ३ | २१६ | १:७२ |
| १४ | श्री दशरथ नमुना मा.वि. साडेपानी | १४ | १४ | ११७६ | १:८४ |
| १५ | श्री नव प्रभात प्रा.वि. माघी | १ | १ | ८९ | १:८९ |
| १६ | श्री छडी मा.वि. बेलार | ८ | ८ | ७२६ | १:९० |
| १७ | श्री राष्ट्रिय मा.वि. रामपुर | ५ | ५ | ६१५ | १:१२३ |

यस नगरपालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:१५ देखि १:१२३ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अत: न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

११७

**औपचारिक तथा वैकल्पिक शिक्षा -**

आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.११ मा शैक्षिक पहुँच शुनिश्चितता, औपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत अनौपचारिक प्रौढ विद्यालय अनुदान कार्यक्रममा स्थानीय तहले प्रौढका लागि सञ्चालित अनौपचारिक वा वैकल्पिक विद्यालयहरुको विवरण, स्थापना मिति, सञ्चालित कक्षा, विद्यार्थि संख्या र सञ्चालनको अवस्था सहितको शिक्षा विकास तथा समन्वय ईकाइबाट समेत एकिन भई आएपछि मात्र सम्वन्धित विद्यालयको मागको आधारमा सहजकर्ताको पारिश्रमिक तथा शिक्षण सिकाइका लागि आवश्यक जनशक्तिका लागि एकमुष्ट विद्यालयको खातामा अनुदान दिने उल्लेख छ । पालिकाले शैक्षिक पहुँच शुनिश्चितता, औपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमबाट तपशिल बमोजिमका विद्यालयको खातामा रकम निकासा गरेकोमा विद्यालयको स्थापना, मिति, सञ्चालित कक्षा , विद्यार्थि संख्या र सञ्चालनको अवस्थाका वारेमा एकिने हुने कागजात संलग्न नरहेको हुँदा यसतर्फ सुधारका लागि पालिकाको ध्यान दिनुपर्ने देखिन्छ।

| **क . स.** | **विद्यालयको नाम** | **रकम रु.** |
|---|---|---|
| १ | सनातन धर्म संस्कृति वेद विद्याश्रम घोडाघोडी | २,४१,०००। |

**११८**

**छात्रवृत्ति -**

पालिकाले कक्षा १ देखि कक्षा ८ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई यो वर्ष छात्रवृत्ति को लागी रू.४४,२३,६००। रकम निकासा गरेको छ। अनुदान निकासा गरेकोमा छात्रवृत्ति वितरणको अनुगमन प्रतिवेदन संलग्न गरेको देखिएन। अत: तोकिए अनुसार छात्रवृत्ति वितरण भएको पुष्टयाई हुने गरि अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ।

**११९**

**न्यानोझोला-**

स्थानीय तहको कार्यक्रम संचालन मार्गदर्शन,२०७८ ले न्यानो झोला आपुर्ति भै सकेपछी स्पेसिफिकेसन अनुसार गुणस्तर भए नभएको एकीन गरी गुणस्तर चेक जाँच गराई भुक्तानी दिनु पर्ने उल्लेख छ। यस पालिकाले मातृ तथा नवजात शिसु कार्ययक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला कार्यक्रमबाट देहायबमोजिमका न्यानो झोला खरिद गरेको छ। पालिकाले खरिद गरेको न्यानो झोला स्पेशिफिकेशन र गुणस्तर बमोजिमका थिए थिएनन खुल्ने प्रमाण नरहेकोले खरिद गरिएका न्यानो झोला गुणस्तर सम्वन्धमा सुनिश्चित हुने आधार रहेन। साथै न्यानो झोला बितरण गरी उपयोग गरेको सुनुश्चित हुने प्रमाण कागजात समेत रहेका पाइएन। यस सम्बन्धमा सुधारका लागि पालिका लगायत सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ।

| क .सं. | गो भौ नं र मिति | संख्या | दर | रकम (मू .अ कर सहित) |
|---|---|---|---|---|
| १ | २२०, २०७९/३/२० | १,०५०। | ८९८।३५ | ९,४३,२६७। |

**१२०**

**बढी निकासा —**

३४,८००

नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ। तर पालिकाले उक्त पुस्तीकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार छात्रवृत्तीतर्फ रु.३४,८००। बढी निकासा दिएको देखियो। तसर्थ तोकिए भन्दा बढी निकाासा भएको रकम अशुल हुनुपर्ने रु

| क सं. | गो.भौ./मिति | विद्यालयको नाम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | २१३-२०७९।३।१६ | वालज्योती आ.वि. जरही (दलित छात्रवृत्ति) | ७६,०००। | ७७,६००। | १,६००। |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>२१३-<br>२०७९।३।१६</td><td>जनप्रिय आ.वि.(दलित छात्रवृत्ति)</td><td>९,२००।</td><td>११,२००।</td><td>२,०००।</td></tr>
<tr><td>३</td><td>२१३-<br>२०७९।३।१६</td><td>वालकल्याण आ.वि. करैचा (दलित छात्रवृत्ति)</td><td>८,८००।</td><td>१०,८००।</td><td>२,०००।</td></tr>
<tr><td>४</td><td>२१३-<br>२०७९।३।१६</td><td>सरस्वती आ.वि. निम्दी (दलित छात्रवृत्ति)</td><td>८,४००।</td><td>१०,८००।</td><td>२,४००।</td></tr>
<tr><td>५</td><td>२१३-<br>२०७९।३।१६</td><td>जनकल्याण मा.वि. थेवे (दलित छात्रवृत्ति)</td><td>१२,८००।</td><td>१४,४००।</td><td>१,६००।</td></tr>
<tr><td>६</td><td>२१३-<br>२०७९।३।१६</td><td>रा.मा.वि. सुखड (छात्रा छात्रवृत्ति)</td><td>७६,८००।</td><td>१,००,८००।</td><td>२४,०००।</td></tr>
<tr><td>७</td><td>२१३-<br>२०७९।३।१६</td><td>दरख मा.वि. हरिनगर (छात्रा छात्रवृत्ति)</td><td>८६,०००।</td><td>८७,२००।</td><td>१,२००।</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>३४,८००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२१</td><td>२१२</td><td>२०७९-३-१६</td><td>एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम -<br><br>पालिकाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम अन्तर्गत पहलमानसिंह मेमोरियल मा.वि. पहलवानपुर लाई रू. ५,००,०००। भुक्तानी गरेको छ। पालिकाले निमार्ण गरेको एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्योन्वयन कार्य ढाँचा, २०७८ को बुदा नं. १५ मा रकम भुक्तानी पश्चात स्थानीय तहवाट अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्था अनुरूप पालिकाले अनुगमन तथा मुल्याङ्कन सम्बन्धि कार्य गरेको छैन। तसर्थ यस कार्यमा सुधार हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>१२२</td><td>२०४</td><td>२०७९-३-१३</td><td>सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम -<br><br>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ अनुसार विद्यालयलाई दिने अनुदान एकिन संख्याका आधारमा अनुदान दिई नगरपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाबाट कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत ५१ वटा विद्यालयका शिक्षक कर्मचारीलाई जम्मा रू. ४,८९,९७८। को अफलाईन डिजिटल शैक्षिक सामग्री प्रदान</td><td></td></tr>
</table>

गरेकोमा उक्त डिजिटल साम्रगीको सहि सदुपयोग भएको सम्बन्धमा शिक्षा शाखाबाट अनुगमन भएको पाईएन। पालिकाले उक्त शैक्षिक साम्रगिको सदुपयोग भएको एकिन गर्न अनुगमन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१२३ **कृषि पकेट कार्यक्रम-**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पकेट विकास कार्यक्रममा यस आर्थिक वर्षमा ५० प्रतिशत अनुदानमा रू.२४,००,०००। वजेट विनियोजन भएकोमा रू.१८,००,०००। खर्च भएको छ। पालिकाले एकिकृत रूपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि पटक पटक कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो। खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन। अत: कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ। कृषि पकेट कार्यक्रम अन्तर्गत सञ्चालित केहि कार्यक्रमहरू:

| **क्र.स** | **गो भौ नं र मिति** | **पकेट कार्यक्रमको नाम** | **भुक्तानी पाउने कृषक समुहको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | १९५-२०७९।३।२ | धान पकेट | शुभकामना महिला कृषक समुह | ५,६५,०००। |
| २ | २०१-२०७९।३।७ | धान पकेट | आदर्श कृषि सहकारी संस्था लिमिटेड | ५६५,०००। |
| ३ | २१०-२०७९।३।१४ | धान पकेट | के.एण्ड आर मल्ट्री एग्रो फार्म प्रा.लि. | ५,५१,७५४। |
| ४ | २२८-२०७९।३।२२ | वंगुर पकेट | नमुना वंगुर पालन समिती | ४,७२,७३८। |
| **जम्मा** | | | | **२१,५४,४९२।** |

१२४ **सेनीटरी प्याड खरिद –**

निम्न गो.भौ.नं. र मितिमा निम्न सप्लायर्सबाट प्रति थान रू. २२।९८ (मु. अ. कर सहित) का दरले कुल रू. ३६,७७,४७२ । (मु. अ. कर सहित) भुक्तानी गरी खरिद गरेको छ। खरिद गरेकामध्ये १०,९२० थान लेखापरीक्षण समय २०७९।९।२४ सम्म नगरपालिकाको शिक्षा शाखामा मौज्दात रहेको देखियो। कार्यविधिमा तोकिए अनुरूप वास्तविक मागका आधारमा समयमै खरिद एवमं हस्तान्तरण नगरी मौज्दात रहने गरी वर्षान्तमा खरिद गर्ने कार्य मनासिव देखिएन। स्यानीटरी प्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि, २०७६ बमोजिम खरिद

<table>
<tr><td></td><td></td><td></td><td>गरेका प्याडहरू तोकिए बमोजिमको गुणस्तरको भएको भनि गुणस्तर जाँच गरेको प्रमाण हुनुपर्ने व्यवस्था वमोजिम गुणस्तरयुक्त भनि प्रमाणित गरी राखेको प्रमाण पेश भएको छ। साथै स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिवेदन पठाउनु पर्नेमा सो अनुसार गरेको अभिलेख पाईएन। कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब देखिएन । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ।
<table>
<tr><th>क्र.स.</th><th>गो.भौ.नं. र मिति</th><th>फर्म</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१८७-२०७९।२।२४</td><td>बि.आर. सर्जिकल एण्ड फार्मा प्रा.लि.</td><td>१२,६४,१३१।</td></tr>
<tr><td>२</td><td>१९८-२०७९।३।३</td><td>बि.आर. सर्जिकल एण्ड फार्मा प्रा.लि.</td><td>२४,१३,३४१।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३६,७७,४७२।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२५</td><td></td><td></td><td>प्रधानमन्त्रि रोजगार कार्यक्रम -<br><br>स्थानीय तहमा सुचिकृत व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवं सामुदायिक पुर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उदेश्यले स्थानिय तहभित्र प्रधानमन्त्रि रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचिमा समावेश भएकाहरूलाई प्राथमिकरण गरि कामका लागि रोजगार कार्यक्रम सञ्चालन गराई रोजगार दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले वेरोजगारहरूको प्राथमिकरण गर्ने सुचक तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरि वेरोजगारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन। श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उदेश्य अनुरूप रोजगार उपलब्ध गराउन नसकिएका कारण लक्ष्य हासिल गर्ने गरि कार्यक्रम कार्यान्वयन भएको पाइएन। यस कार्यक्रम अन्तर्गत स्थानिय तहभित्रका वडाहरूमा तटबन्ध निर्माण, बाटो निर्माण, पर्खाल निर्माण, नाली निर्माण, मन्दिर निर्माण, कुलो निर्माण, ताल संरक्षण कार्य, खेल मैदान निर्माण लगायतका ५० कार्यक्रम सञ्चालन गरि १०८१ जनालाई औषतमा ४५ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला प्रशासनिक खर्च तथा कार्यक्रम खर्च रू. २,०७,७१,१३५। खर्च गरेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दिगोपना तथा दिर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पुर्वाधार विकास तथा स्वरोजगार क्षमता अभिवृद्धि गर्ने मुख्य लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्यिन गर्दा वजेट, वेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरि कार्यक्रम छनौट एवँ स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा सो वेगर वजेट खर्च भएको छ। यस्तो प्रक्रियामा सुधार हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>१२६</td><td></td><td></td><td>बढी निकासा -<br><br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकभन्दा बढी रकम निकासा वा खर्च गर्न नहुने उल्लेख छ। नगरपालिकाले देहायबमोजिमका शिक्षकको अवकाशको दिनसम्मको मात्र तदबभत्ता भुक्तानी गर्नुपर्नेमा पुरै चौमासिकको तलब भत्ता भुक्तानी गरेकोले बढी भत्ता वापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रू.</td><td>१,५०६</td></tr>
</table>

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम | अवकाश मिति | निकासा हुनुपर्ने | निकासा भएको | बढी निकासा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय मा.वि. तारानगर | दान वहादुर कुवँर | २०७९।२।३१ | १,०१,८८७ | १,०३,३९४ | १,५०६ | चौथो त्रैमासिक |
| **जम्मा** | | | | | | **१,५०६।** | |

१२७

**शैक्षिक अनुदान-**

कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ अनुसार विद्यालयलाई दिने अनुदान एकिन विद्यार्थी संख्याका आधारमा अनुदान दिई नगरपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट निकासा भएको देहायको अनुदानको अनुगमन तथा मुल्याङ्कन गरेको नदेखिएकोले अनुदानको उपयोग सम्बन्धमा एकिन हुने अवस्था रहेन। यसमा पालिकाको ध्यान जानुपर्दछ।

| क्र.सं. | विद्यालयलाई गएको अनुदान | रकम |
|---|---|---|
| १ | आइ सी टि | १९,५०,०००। |
| २ | विज्ञान प्रयोगशाला | २६,००,०००। |
| **जम्मा** | | **४५,५०,०००।** |

१२८ ११५ २०७८-१२-२४

**तालिमको प्रतिवेदन -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ (७) मा तालिम, सेमिनार ,गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछी त्यस्तो कार्यमा भएको खर्च , खरिद गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको सङख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ। पालिकाले २०७८।९।१० देखि २०७८।१०।२५ सम्म ४५ दिने एडभान्स सिलाईकटाई सम्बन्धी सिप विकास तालिम सञ्चालन गरेको छ। कार्यक्रम सम्झौतामा तालिम कार्यक्रम सम्पन्नको प्रतिवेदन सहित भरपाई गरी सकेपछि कार्यक्रमको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ। तर पालिकाले कार्यक्रम सम्पन्न प्रतिवेदन वेगर आरती शाहीलाई रू.३,१८,१६५। भुक्तानी गरेको छ। तसर्थः कार्यक्रम सम्पन्न प्रश्चात प्रतिवेदन प्राप्त गरिसकेपछि मात्रै रकम भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

<table>
<tr><td>१२९</td><td></td><td></td><td>वैठक भत्ता -<br><br>अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद सातको ७.१.१ मा वैठक भत्ताको मापदण्ड सन्दर्भमा कानुन अनुसार गठन भएका समितीहरूको वैठकका लागि मात्र भत्ता प्रदान गर्ने तथा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था छ। कार्यालयले गठन गरेका विषयगत समितीहरूको विभिन्न समयमा बसेका वैठकमा वैठक भत्ता लिएको देखियो। निर्देशिकाको विपरित हुनेगरि भुक्तानी भएको रकम रू.८७,९७५। नियमसम्मत नदेखिएको रू.
<table>
<tr><th>क्र.सं.</th><th>गो.भौ.नं. र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम रू.</th></tr>
<tr><td>१</td><td>१२४-२०७९।१।६</td><td>शिक्षण संस्था छनौट समिति, १५ वैठक</td><td>१९,१२५।</td></tr>
<tr><td>२</td><td>१२७-२०७९।१।७</td><td>कृषि विकास शाखाको बैठक, ९ वैठक</td><td>६८,८५०।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८७,९७५।</td></tr>
</table></td><td>८७,९७५</td></tr>
<tr><td>१३०</td><td></td><td></td><td>कृषि कार्यक्रमको अनुगमन-<br><br>पालिकाले कृषि क्षेत्रको प्रवर्धनका लागी निम्न कार्यक्रम सञ्चालन गरेकोमा रकम भुक्तानी प्रश्चात उक्त खर्च रकमको अनुगमन, प्रगति प्रतिवेदन तयार गरेको छैन। जसवाट भुक्तानी रकमको अपेक्षित प्रतिफल प्राप्त भएको सम्बन्धमा एकिन हुन सकिएन। अत: रकम भुक्तानी प्रश्चात अनिवार्य रूपमा कार्यक्रमको अनुगमन तथा मुल्याकंन गरि प्रतिवेदन पेश गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।
<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>च्याउखेती प्रवर्धन कार्यक्रम</td><td>३,५०,०००।</td></tr>
<tr><td>२</td><td>लागत साझेदारीमा गहुँको विउ उत्पादन कार्यक्रम</td><td>३,९९,०००।</td></tr>
<tr><td>३</td><td>सिचाई कार्यक्रम</td><td>२८,३१,०००।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३५,८०,०००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३१</td><td></td><td></td><td>फरक खर्च शिर्षक -<br><br>एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार तोकिए बमोजिमका शिर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने हुन्छ। कोरोना महामारी व्यवस्थापन खर्च लगायत अग्र पंतिमा खटिएका चिकित्सक, स्वास्थ्यकर्मी, प्रयोगशालाकर्मी, सरसफाईकर्मी, एम्वुलेन्स चालकहरूलाई जोखिम भत्ता</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>शिर्षकबाट समुदाय स्तरमा औलो, कालाजार, हात्तीपाईले र डेगुं रोग रोगथाम तथा नियन्त्रणका लागि जनसचेतनामुलक स्वास्थ्य शिक्षा कार्यक्रम लागी रू. ६,१६,८००।, समुदाय स्तरमा झाडापखाला, हैजा र टाईफाइड जस्ता सरूवा रोग रोगथाम तथा नियन्त्रणका लगि जनसचेतनामुलक स्वास्थ्य शिक्षा कार्यक्रम का लागी रू. ३,११,२५०। गरि जम्मा रू. ९,२८,०५०। भुक्तानी गरेको छ। जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकवाट बजेट खर्च लेख्नुपर्नेमा पालिकाले फरक शिर्षकवाट खर्च गरेको देखिएकोले सम्वन्धित खर्च शिर्षकवाटै रकम भुक्तानी गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>१३२</td><td></td><td></td><td>प्रमाण पेश नभएको —<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ को नियम ३९ मा कुनै पनि आर्थिक कारोवार गर्दा कोरोवारलाई पुष्टि गर्ने कागजात प्रमाणित गरी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष निम्न गो.भौ.नं. र मितिमा पोशाक खरिद वापत रू.४,९५,४८०। र विद्यालय पोसाक सिलाई वापत रू.१,३५,५००। गरी जम्मा रू.६,३०,९८०। खर्च लेखेको छ। कुल २७१ ड्रेस वटा विद्यार्थिको सिलाई रकम प्रधानाध्यापकले वुझेको देखिन्छ। तर उक्त ड्रेस र रकम सम्बन्धित विद्यार्थीले वुझेको भरपाई पेश नभएकोले भरपाई पेश हुनुपर्ने रू.
<table>
<tr><th>क्र.स.</th><th>गो.भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>४०-२०७९।३।२२</td><td>२७१ जना विद्यार्थिका लागी जि.एस. ईन्टरप्राइजेज वाट पोषाक खरिद गरि प्रधानाध्यापकले पोशाक वुझेको।</td><td>४,९५,४८०।</td></tr>
<tr><td>२</td><td>४१-२०७९।३।२५</td><td>२७१ जना विद्यार्थिका लागि ३९ जना प्रधानाध्यापक लाई रकम निकासा</td><td>१,३५,५००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६,३०,९८०</td></tr>
</table></td><td>६३०,९८०</td></tr>
<tr><td>१३३</td><td></td><td></td><td>अपुग विल रकम -<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न कार्यका लागी रकम भुक्तानी गरेकोमा विल भरपाई भन्दा बढी भुक्तानी दिएकोले विल भर्पाईभन्दा बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.
<table>
<tr><th>सि.न.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>भुक्तानी भएको</th><th>विल रकम</th><th>नपुग रकम</th></tr>
</table></td><td>३१,५००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>३२-<br>२०७९।३।३</td><td>कक्षा ५ र ८ को परिक्षा सञ्चालन तथा व्यवस्थापन खर्च</td><td>१,६८,६००।</td><td>१,३७,१००।</td><td>३१,५००।</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>३१,५००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३४</td><td></td><td></td><td>
उपभोग अबधि सकिएको -<br><br>
पालिकाबाट प्राप्त विबरण अनुसार यस पालिकामा अन्यत्र कार्यालयबाट हस्तान्तरण भई आएका वा निःशुल्क प्राप्त औषधिको उपभोग अबधि सकिएको कारणले मिन्हा गर्नु परेको विबरण उपलव्ध गराएको छ ।
<table>
<tr><th>क्र.स</th><th>पठाउने निकायको नाम</th><th>औषधीको नाम र परिमाण</th><th>मुल्य</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>जिल्ला स्वास्थ्य कार्यालय कैलाली</td><td>Atorvastatin 10 mg Tablet (1000)</td><td>नखुल्ने</td><td>मिन्हा प्रकृया पुरागरेको</td></tr>
<tr><td>२</td><td>जिल्ला स्वास्थ्य कार्यालय कैलाली</td><td>(HRZ)(child) Isoniazid 30 mg+Rifampicin 60 Mg+Pyrazinamide150 mg tablet (168)</td><td>नखुल्ने</td><td>मिन्हा प्रकृया पुरा गरेको</td></tr>
</table>
उक्त औषधी उपयोगमा आउन नसक्नुमा यस पालिकाको माग भन्दा पनि जिल्ला स्वास्थ्य कार्यालयले आबश्यकता एकिन नगरी न्युन उपयोग अबधि रहेको अबस्थामा पठाएकोले उक्त औषधी उपयोगमा ल्याउन नसकेको कारणले मिन्हा प्रकृयामा लैजानु परेको अबस्था देखियो ।उपयोग मिति नसकिँदै खपत हुन सक्ने उच्च सम्भावना रहेका औषधिमात्र बुझिलिने व्यबस्था कार्यान्वयनमा ल्याउन पालिकाको ध्यान जान आबश्यक देखिन्छ ।
</td><td></td></tr>
<tr><td>१३५</td><td></td><td></td><td>
औषधी खरिद औ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तर सो भन्दा वढी मुल्यको खरिद गर्दा प्रतिस्पर्धाको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षमा स्वास्थ्य बजेट चालूबाट रु.९३,९५,००५। मुल्यका बिभिन्न औषधि तथा औषधीजन्य स्वास्थ्य सामान पटक पटक प्रतिस्पर्धा सिमित हुने गरी (एकै फर्मबाट समेत) सोझै खरिद गरेको छ । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छनः<br>
• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण खरिद गरेका औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,<br>
• आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• पालिकाद्धारा निःशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राखेको हुनुपर्ने उल्लेख गरेकोमा उक्त लोगो भएको छ भन्ने प्रमाण संलग्न नरहेको,<br>• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको सबै विवरण खुल्ने गरी अभिलेख राख्ने र खरिद कार्य गर्दा प्रतिस्पर्धाको लाभ प्राप्त हुने गरी खरिद गर्ने व्यबस्था हुनुपर्दछ । | |
| १३६ | | | **आम्दानी बाँध्न कठिनाई -**<br><br>यस पालिकालाई जिल्ला स्वास्थ्य कार्यालयले पठाएका बिभिन्न प्रकारका औषधीको लटमा रहेको कुनै एक औषधीको म्याद सकिएको अबस्थामा प्राप्त भएको वा म्याद सकिने अबस्थामा रहे पनि कागज प्रमाण प्राप्त नहुँदै उपयोग गरी सकिएको अबस्थामा स्वास्थ्य कार्यालयले प्रयोगमा ल्याएको कम्प्युटर प्रणालीमा प्रबिष्ट गर्न नसकिने अबस्थाले एउटै लटमा प्राप्त भएका तर उपयोग अबधि रहेका औषधीको समेत कम्युटर प्रणालीमा समाबेश गर्न कठिनाई रहेको भनि पटक पटक प्राप्त गरेको औषधिमध्ये २०७९।९।२३ मा प्राप्त गरेका औषधि अभिलेखमा नचाढाई राखेको पाइयो । यस्तो समस्या समाधानका लागि तालुका कार्यालयले ध्यान दिइ समस्या समाधानमा लाग्नु आबश्यक देखिन्छ । | |
| १३७ | | | **कृषी सामाग्री वितरण -**<br><br>पालिकाले बिभिन्न सामाग्री वितरण गर्दा वितरित सामानको उच्चतम सदुपयोग हुने गरी आबश्यक प्रमाण कागजात लिएर वितरण गर्ने व्यबस्था हुनुपर्दछ । तर यस कार्यक्रमबाट बिभिन्न बडाका स्थानीय बासिन्दालाई तरकारी, फलफूल तथा खाद्यान्नका बिउ, बिजन र बेर्नाहरु बितरण गरेको सुनिश्चित हुनका लागि सम्बन्धित सबै लाभग्राहीको परिचय गराउने प्रमाण सहित सम्बन्धित वडा कार्यालयको सिफारिस लिने गरेको पाइएन । यसका अतिरिक्त त्यस्ता सामान वितरण गर्दा बुझिलिने व्यक्तिको के कति जग्गा जमिन छ सो खुलाउने गरेको पाइएन । उल्लेखित व्यहोरा खुल्ने प्रमाण सहित सम्बन्धित वडा कार्यालयको सिफारिस नलिई काम सम्पन्न गर्दा बितरित समान तोकिएको उदेश्य अनुसार गुणस्तरयुक्त सामान प्राथमिकताका आधारमा उच्चतमा सदुपयोग हुने गरी बिबरण गरेको छ भन्ने अबस्था रहेन । यस्तो प्रकारले वितरण गर्ने कार्यमा सुधार हुनुपर्दछ । | |
| १३८ | | | **ठेक्का व्यबस्थापन -** | |
| १३८.१ | | | यस पालिकाले यो आ ब मा ठेक्का सम्झौता गरेका र बिगत बर्षमा ठेक्का सम्झौता भई यस बर्ष चालू रहेका ठेक्काको समग्र व्यबस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्: | |

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन । यस्तो नगर्दा थोरै समयमा सकिने कामलाई तुलनात्मकरुपमा बढी र बढी समय लाग्नेलाई तुलनात्मकरुपमा घटी समयमा काम सम्पन्न गर्ने सम्झौता हुन सक्ने अवस्था आउन सक्ने हुँदा लागत अनुमान गर्दा नै काम सम्पन्न गर्ने लाग्ने समय खुलाउने र ठेक्का सम्झौता अनुसार सोही अनुसारको काम सम्पन्न गर्ने अबधि राखी सोही अनुसार काम सम्पन्न गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| १३८.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत गुणस्तर आस्वस्थता योजना Quality Assurance Plan पेश गर्न लगाई गुणस्तर परीक्षण प्रणालीलाई संस्थागत गराउनु पर्ने हुन्छ । पालिकाले निर्माणकार्यको गुणस्तर सुनिश्चितता केही निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री तथा निर्माण कार्यको प्रयोगशाला परीक्षण गराएको देखिए पनि अधिकाँश कामको परिक्षण गराएको पाइएन । यसले गर्दा सबै निर्माण कार्यमा पर्याप्त गुणस्तर कायम भएको छ भनि आश्वस्त हुन सकिने अवस्था छैन । अतः नियमावलीको प्रावधान अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न सबै निर्माण कार्यहरुको गुणस्तर परिक्षणलाई अनिवार्य गराउने र सो अनुसार गरेको देखिने स्पष्ट अभिलेख राख्ने तथा गुणस्तर परीक्षणका लागि पालिकाबाटै नमुना लिइ सरकारी निकायबाटै गुणस्तर परिक्षण गराउन प्राथमिकता दिने व्यबस्था कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १३८.३ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनुपर्ने कुरा उपलव्ध गराउन नसकेको वा अन्य मनासिव कारण परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिन अगावै निवेदन दिनुपर्ने, त्यस्तो निवेदन प्राप्त भएपछि सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको कार्य समयमै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको थियो वा थिएन, सम्बन्धित सार्वजनिक निकायले निर्माण व्यवसायीलाई सम्झौता बमोजिम उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराएको थियो वा थिएन काबु बाहिरको परिस्थितिको कारणबाट काममा ढिलाइ भएको हो वा होइन जस्ता पक्षहरु विचार गरी निवेदनमा उल्लेखित कारण मनासिब देखिएमा प्रत्येक ठेक्कागतरुपमा म्याद थपको निर्णय गर्नु पर्नेमा कतिपय ठेक्कामा म्याद थप गर्दा उक्त व्यहोरा बिश्लेषण नगरी म्याद थप भएको देखिन्छ भने कतिपय ठेक्कामा काम सम्पन्न गर्ने म्याद सकिएर पनि म्याद थप सम्बन्धी कुनै कारबाही नगरी रहेको अवस्था देखिन्छ । म्याद थप गर्दा म्याद थप गर्नुपर्ने जायज कारण भए म्याद थप गर्ने अन्यथा ठेक्का सम्झौता अनुसार पूर्व निर्धारित क्षतिपूर्ति अशुल गरी काम सम्पन्न गर्ने गराउने व्यवस्था हुनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १३८.४ | | | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११(१)ज१ बमोजिम निर्माण व्यबसायीले तोकिए अनुसार निर्माण स्थलमा सूचना पाटी राखु पर्ने उल्लेख छ । यस पालिकाबाट ठेक्कापट्टा गरीएका सबै ठेक्कामा उपरोक्त अनुसार सुचना राखेको देखिन फोटो सहितका प्रमाण राखेको पाइएन । तोकिए अनुसारको सूचना नहुनु मनासिब देखिदैन । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |
| १३८.५ | | | सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। सोही नियमको उपनियम २ मा त्रृटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको,ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन।अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| १३८.६ | | | सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यबसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो व्यहोरा अनुसार सबै ठेक्कामा काम सुरु गर्ने बित्तिकै बीमाका प्रमाण लिने र ठेक्काको अबधि थप गर्दा बीमाको अबधि थप भए गरेको देखिने प्रमाण लिएको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी वीमा गराउने एंव ठेक्काको म्याद थप हुँदा वीमा अवधि पनि थप गर्नुपर्ने देखिएको छ । | |
| १३८.७ | | | सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौता बमोजिम ठेक्का सम्झौता सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार सबै ठेक्कामा कार्य तालिका अद्यावधिक गर्ने गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्यावधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |

| | | | | |
|---|---|---|---|---|
| १३८.८ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेस्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पेस्की लिएको रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था ऐनको दफा ५२क(६) मा रहेको छ । यस कार्यालय अन्तर्गत गत विगत वर्ष र यस बर्षमा भएको खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्की रकम छुट्टै खातामा जम्मा गराएको नदेखिएको र तोकिएको काममा मात्र खर्च भए नभएको विवरण लिएको पनि देखिएन । ऐन नियमको प्रावधान पालना गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ । | |
| १३९ | | | **नगरपालिकाको कार्यालय भवन -** | |
| १३९.१ | | | लागत अनुमान रु.६,८७,४८,९१।५५ भई बोलपत्रको माध्यमबाट रु.४,७०,३०,२२१।(मु अ कर समेत) मा २०७८।८।११ मा काम सम्पन्न गर्ने गरी निर्माण व्यबसायी श्री SKY-NS-KDN JV सँग २०७६।८।११ मा ठेक्का सम्झौता गरेको देखिन्छ ।उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:<br><br>ठेक्का सम्झौता अनुसार निर्माण व्यबसायीले पेश गरेको कार्य सम्पादन जमानतको अबधि त्रुटी सुधार गर्ने अबधिभन्दा कम्तिमा १ महिना बढी अबधिको अर्थात २०७९।९।११ सम्मको हुनुपर्दछ । तर व्यबसायीले पेश गरेको रु.५०,६५,०००। को कार्य सम्पादनको अबधि २०७८।११।२३ सम्म र रु.२०,८१,०००। को २०७९।८।२३ सम्म अर्थात पेश गरेका दुबै कार्य सम्पादन जमानत त्रुटी सुधार गर्ने अबधिसम्म बहाल रहने देखिएन । ठेक्का सम्झौता गर्दा नै त्रुटी सुधार गर्ने अबधिसम्म बहाल रहने कार्य सम्पादन जमानत नलिएको कारण खुलाएको छैन ।यस्तो प्रकारले कार्य सम्पादन जमानत लिने कार्य मनासिब देखिएन । | |
| १३९.२ | | | नगर सभाको २०७९।३।२८ को निर्णयले नगरपालिकाको मुख्य प्रशासनिक भवनले चर्चेको जग्गाप्राप्ति तथा भोगाधिकारका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरेको छ । उक्त निर्णय अनुसार उक्त जग्गाको भोगाधिकार लेखापरीक्षण समयसम्म प्राप्त भएको देखिएन । निर्माण सुरु हुनु पूर्ब नै भोगाधिकार प्राप्त गरी निर्माण कार्य सुरु गर्नु पर्नेमा सो अगाबै निर्माण सुरु गर्नु मनासिब देखिएन । पालिकाबाट आबश्यक कारबाही गरी भोगाधिकार प्राप्त गर्नु पर्दछ । | |
| १३९.३ | | | उक्त व्यबसायीले यो आर्थिक बर्षसम्ममा आठौं रनिङ्ग बिलसम्ममा कुल रु.४,२६,९६,४०१।३७( मु अ कर र पी एस सहित) को काम गरेको भनि न पा पुँजिगतबाट ५१९/२०७९।३।२५ मा रु.८८,७२,२७९। भुक्तानी दिए पनि ४० के भी ए को जेनेरेटर जडान कार्य लगायतका बिभिन्न काम बाँकी रहि ठेक्का सम्झौता अनुसार अझै रु.४३,३३,८२०। को काम सम्पन्न गर्न बाँकी रहेको देखिए पनि सबै काम तोकिएको गुणस्तर एवं परिमाणमा सम्पन्न नगरी कार्य सम्पादन जमानतको अबधि सकिएको अबस्थामा लेखापरीक्षण समयसम्ममा पनि सबै प्रकृया पुरा गरी काम सम्पन्न गर्ने म्याद थप सम्बन्धी कुनै कारबाही गरेको देखिएन । यस्तो अबस्थामा ठेक्का सम्झौता रकमको १० प्रतिशतमा नबढने गरी ०.०५ प्रतिशत प्रतिदिनका दरले हुने पूर्ब निर्धारित क्षतिपूर्ति रकम रु.६८,७४,८०९। अशुल गर्नुपर्ने अबस्था रहे पनि अधिकाँश काम सकिएको भनि उक्त भवन उदघाटन गरी कार्यालय संचालन गरी सकेको अबस्था देखिएको छ । यस्तो अबस्थामा तोकिएको सबै काम सम्पन्न गरी कार्य स्वीकार प्रतिबेदन तयार गर्नुपर्ने देखिन्छ | |

| | | | | |
|---|---|---|---|---|
| १४० | | | **पानी टैंङ्की निर्माण -**<br><br>लागत अनुमान रु.२,६३,७६,३८८।१४ (मु अ कर समेत) मा वडा नं ४ र ९मा ओभरहेड टैंक निर्माण गर्ने कार्यका लागि बोलपत्र आव्हान गरेकोमा प्राकृतिक चन्द्र विकास जे भी को रु.२,६५,०६,६९७।०६ कबोल भएको एक मात्र बोलपत्र योग्य रहेको अबस्थामा लागत अनुमान अनुसारको रकममात्र भुक्तानी दिने र २०८१।३।२१ सम्ममा काम सम्पन्न गर्ने गरी २०७९।३।२१ मा सम्झौता गरेको देखिन्छ ।लागत अनुमान बराबरकै रकम भुक्तानी दिने गरी ठेक्का सम्झौता गर्नुले ठेक्का प्रकृयामा प्रतिस्पर्धा भएको नदेखिए पनि पुन बोलपत्र प्रकृया सुरु गर्दा लाग्ने बिभिन्न खर्च तथा उक्त वडाका बासिन्दाले पानी उपभोग गर्न पाउने समयमा समेत ढिलाई हुने कारण जनाई ठेक्का सम्झौता गरेको छ । लेखापरीक्षण समय २०७९ पुसमा ठेक्का सम्झौता अबधिको २५ प्रतिशतभन्दा बढी अबधि सकिएको अबस्थामा २०७९।९।१९ मा रु.५०,१२,९५६। भुक्तानी भएको देखिन्छ । ठेक्कापट्टा गर्दा प्रतिस्पर्धाको लाभ प्राप्त हुने र समयमै गुणस्तर युक्त काम सम्पन्न गराउने गरी ठेक्कापट्टा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| १४१ | | | **स्थलगत अबलोकन -**<br><br>कौवा खोलाको भालुफाँटा मैतुवाल खण्डमा रु.१,९५,५०,३०१।२७ भुक्तानी दिई २०७९।७।११ सम्ममा काम सम्पन्न गर्ने गरी तेडी मनिलेक जे भी सँग २०७७ असोज ११ मा सम्झौता गरेकोमा सम्झौता अबधिको १ बर्ष अगाबै बाट २०७८।९।१८ मा काम सम्पन्न भएको उल्लेख छ । उक्त पुलको कार्यालयका प्रतिनिधि सहित २०७९।९।२५ मा स्थलगत अबलोकनमा जाँदा पैदल यात्री हिडनका लागि बनाएको पुलको दुबैतर्फको पैदल यात्री हिंडने बाटोको लेभल समान हुनु पर्नेमा नभएको,पुलको दुबैतर्फको एबुटमेन्टको बाहीर पट्टी राखिएको रिभर बेड मटेरियल स्टेबल नभई सर्दै गएको देखिन्छ । यसमा सुधारका लागि पालिकाबाट आबश्यक पहल हुन आबश्यक देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| | | |  | |



१४२ **त्रिबेणी खानेपानी योजना -**

१४२.१ न्यू कुमारी कन्स्ट्रक्सनबाट त्रिबेणी बजार पानी आपूर्तिकालागि तीन प्याकेज ठेक्काबाट निम्मअनुसार कामगराएको देखिन्छ।

| | पहिलोप् याकेज(पानी टैंकी बनाउने) | दोस्रो प्याकेज | तेस्रो प्याकेज(पर्खाल र गेट बनाउने) |
|---|---|---|---|
| कामको विबरण | त्रिबेणी बजार पानी आपूर्ति प्याकेज | त्रिबेणी बजार पानी आपूर्ति प्याकेज२ | त्रिबेणी बजार पानी आपूर्ति प्याकेज३ |
| ठेक्कानं | ५/०७७।७८ | १३/०७७।७९ | २०/०७८।७९ |
| लागत अनुमान | १,८६,५१,७६५।५८ | ४१३२४४९। | ३९,५०,०००। |
| सम्झौतारकम | १,०९,०३,२२८।८३ | ४०,२९,१३७।७७ | ३८,४९,९२७।८५ |
| सम्झौता मिति | २०७७।१२।१५ | २०७८।३।२ | २०७९।३।२१ |
| काम सक्ने मिति | २०७८।१।१५ | २०७९।३।२ | २०७९।९।२१ |
| काम सम्पन् नमिति | चालू | चालू | २०७९।३।२५ |
| | भुक्तानीको अबस्था | | |
| गोभौ/मिति | | | |
| ७२।०७८।३।३०(गत बर्ष भुक्तानी) | ३२,५३,८०२। | ०० | ०० |
| गत बर्ष भुक्तानी भएको | | ११,१६,३४४।०५ | |
| ९।०७८।९।४ | १०,१३,९१२।४२ | २,८२,४३६।३९ | ०० |
| ५४।०७९।३।२५ | १७,११,१०९।७३ | | ३८,४५,४६१।१६ |
| **कुल भुक्तानी** | **५९,७८,८२४।१४** | **१३,९८,७८०।४४** | **३८,४५,४६१।१६** |

उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

<table>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१४२.२</td><td></td><td></td><td>त्रिबेणी बजार पानी आपूर्ति प्याकेजका लागि २०७९।३।३० सम्म म्याद थप माग गरी २०७९।३।८ मा निबेदन दिए पनि म्याद थप नभएको र काम पनि सकिएको देखिएन ।उक्त कार्यको काम म्याद थप माग गरेको अबधिसम्म पनि सकिएको नदेखिएकोले ठेक्का सम्झौता अनुसार पूर्ब निर्धारित क्षतिपूर्ति अशुल गरी काम सम्पन्न गर्नुपर्ने देखिन्छ</td><td></td></tr>
<tr><td>१४२.३</td><td></td><td></td><td>तेस्रो प्याकेजका लागि कुल भुक्तानी दिएको रु.३८,४५,४६१।१६ को मु अ कर बिजक समेत पेश गरी भुक्तानी दिनु पर्नेमा सो बेगर नै भुक्तानी दिएको छ । उक्त भुक्तानीको सक्कल कर विजक पेश गरी भुक्तानी दिएको मु अ कर रु.४,४२,३९८।सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा समायोजन गरी बुझाएको प्रमाण पेश नभए भुक्तानी दिएको मु अ कर अशुल हुनुपर्ने रु.</td><td>४४२,३९८</td></tr>
<tr><td>१४२.४</td><td></td><td></td><td>प्याकेज २ को रु.४०,२९,१३७।७७ भुक्तानी दिई २०७९।३।२ मा काम सम्पन्न गर्ने गरी सम्झौता भएकोमा तोकिएको मितिमा काम नसकिएको अबस्थामा नियमानुसार म्याद थप माग नगरेको र ठेक्का फाइलमा रहेको कार्य सम्पादन जमानत रु.२,०२,०००। म्याद २०७८।८।२८ मा सकिएकोले ठेक्का सम्झौता अनुसार सम्झौता रकमको १० प्रतिशतमा नबढने गरी ०.०५ प्रतिशत प्रतिदिनका दरले (२०७९ असारसम्मको गणना गरिएको) पूर्ब निर्धारित क्षतिपूर्ति रु.५६,४०७। अशुल गरी उक्त काम सम्पन्न गर्नुपर्ने रु.</td><td>५६,४०७</td></tr>
<tr><td>१४३</td><td></td><td></td><td>झोलुङ्गेपुल निर्माण -<br><br>गणेशपुर सिमथरी झोलुङ्गेपुल निर्माण कार्य कन्टिन्जेन्सी रु.३,४०,३७२।४५ समेत कुल रु.८८,५५,८१६।८८ मध्ये नगरपालिकाबाट रु.११,५१,२५६।१९(१३ प्रतिशत), उपभोक्ता समिति रु.१,७७,११६।३४ (२ प्रतिशत) झो पु क्षेत्रगत कार्यक्रम रु.६८,८७,४६२।१० (७७.७७ प्रतिशत), सामाग्री बस्तुगत लट्टा तथा बुलडस ग्रिप्स) रु.६,३९,९८२।२४ (७.२३ प्रतिशत) लागतमा काम सम्पन्न गर्ने गरी २०७७।७।२८ मा सम्झौता भएको देखिन्छ । उक्त पुलका लागि यस आर्थिक बर्षमा निम्न अनुसार खर्च भएको देखिन्छ ।
<table>
<tr><td>क्रसं</td><td>गोभौ/ मिति</td><td>बापत</td><td>भुक्तानी पाउने</td><td>कुल भुक्तानी रु.</td></tr>
<tr><td>१</td><td>१६/२०७८।१०।१५</td><td>झो पु का सामानहरु</td><td>भगवति स्टिलई प्रालि</td><td>२२,७९,६७५।</td></tr>
<tr><td>२</td><td>२३/२०७९।२।१२</td><td>निर्माण कार्य (दोस्रो रनिङ्ग बिल)</td><td>उपभोक्ता समिति (गत बर्ष भुक्तानी भएकोरु१९,५७,११३।४९समेत)</td><td>४१,०५,८६३।४८</td></tr>
<tr><td>३</td><td>४२/२०७९।३।२४</td><td>प्राबिधिक परामर्श</td><td>सुदूरपश्चिम सामुदायीक विका समञ्ञ (गत बर्ष भुक्तानी भएको रु१,५१,४८०।७५समेत)</td><td>५,०४,९३५।८४</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ४ | ४३/२०७९।३।२४ | निर्माणकार्य (अन्तिमबिल) | उपभोक्ता समिति (नपा पूँजिगतबाट भुक्तानी दिएकोरु.३,२०,०००।समेत) | ५,३५,०७२। |
| | | उस लागत सहभागिता | | १,७७,०९८।६३ |
| | | | कुल भुक्तानी रु. | ७६,०२,६४४।९५ |

उल्लेखित व्यहोरा अनुसार लेखापरीक्षण क्रममा रु. ७६,०२,६४४।९५ को काम सम्पन्न भएको देखिए पनि सम्झौता अनुसार सबै लागत सहभागिता देखिने गरी कार्य स्वीकार/सम्पन्न प्रतिबेदन तयार गरेको पाइएन ।उल्लेखित व्यहोरा अनुसार कार्य स्वीकार/सम्पन्न प्रतिबेदन तयार नगर्नु मनासिब देखिदैन । सबैको लागत सहभागिता देखिने गरी कार्य स्वीकार प्रतिबेदन तयार गरी पेश हुनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १४४ | | | **पुल निर्माण पछिको सडक -** | |
| १४४.१ | | | The construction or RCC Bridge Over Kauwa Khola Joining Simthari and Kauwa Village ( ठेक्का नं १६।०७७।७८) निर्माण कार्यका लागि सम्झौता रकम रु.१,३७,८९,९१४।११ भई काम भईरहेको उल्लेख गरी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (पूँजिगत) को गो भौ ३/०७८।१२।१६ बाट यस आ ब मा निर्माण व्यबसायी श्री चाँदनी कन्स्ट्रक्सन चन्द्र विकास जे भी लाई रु.२९,९०,२०५।४४ भुक्तानी दिएको छ ।उक्त कार्यको कार्यालयका प्रतिनिधि सहित २०७९।९।२५ मा स्थलगत अबलोकनमा जाँदा निर्माण कार्य चालू रहेको देखियो।तर पुल निर्माण पश्चात खोलाको बाँयातर्फ मोटर बाटो नभएकोले पुल निर्माण पश्चात गाडी चलाउन सहज हुने देखिएन । पालिकाले पुल निर्माण सँग सँगै गाडी चलाउन सहज हुने गरी बाटो निर्माण गर्ने तर्फ समेत ध्यान जान आबश्यक देखिन्छ । | |





| | | | | |
|---|---|---|---|---|
| १४४.२ | | | उक्त पुल निर्माणस्थलमा पुलको दुबै तर्फ विङ्ग वाल अपुग भएको भनि न पा पुँजिगततर्फको गो भौ ५२१/०७९।३।२५ बाट रु.९,५६,४७७।२० भुक्तानी दिएर निर्माण व्यबसायी कालिजेज निर्माण सेवाबाट सोझै बिधिबाट काम गराइ भुक्तानी दिएको छ । पुलसँगै जोडिएको काम सोही पुलका निर्माण व्यबसायीबाट भेरीयसन आदेश जारी गरी काम गराउन सकिनेमा सो अनुसार नगरी लागत अनुमान कै हाराहारीमा अन्य ब्यबसायीबाट काम गराउनु मनासिब देखिएन । | |
| १४५ | | | **अस्पताल भवन निर्माण -** | |
| १४५.१ | | | लागत अनुमान रु.१४,५०,०३,९५७। भएको यस नगरपालिकामा वडा नं २ को साँढेपानीमा १५ बेड क्षमताको अस्पताल बनाउने कार्यका लागि बोलपत्र आव्हान गरेकोमा प्राप्त इ बिडिङ्गमध्ये सबै भन्दा घटी कवोल रु.९,५३,२९,३६६।८४ ( मु अ कर समेतमा) राजेन्द्र निर्माणसँग सम्झौताको दुई बर्ष अर्थात २०८०।१।२८ सम्ममा काम सम्पन्न गर्ने गरी २०७८।१।२९ मा ठेक्का सम्झौता गरेको देखिन्छ ।उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्: | |
| १४५.२ | | | उक्त अस्पताल निर्माण लागि डी पी आर तयारीका लागि गौरी एण्ड गायत्री कन्स्ट्रक्सन प्रा लि लाई गत आ ब मा रु.१२,१८,५९२। भुक्तानी दिएर काम गराएको गत बर्ष नै प्राप्त प्रतिबेदन उपयुक्त अर्थात तोकिए अनुसार काम भएको भनि सबै रकम भुक्तानी दिएको थियो । उक्त प्रतिबेदनलाई यस बर्ष स्वीकृतिका लागि २०७९।७।२८ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नीति १तथा योजना शाखामा पत्र पठाएकोमा स्वीकृत भएको जानकारी हुन आएन । डी पी आर स्वीकृत नगरी ठेक्कापट्टा गरे पश्चात स्वीकृतिको प्रकृया सुरु गर्नु मनासिब देखिएन । डी पी आर स्वीकृत नभएको कारण बजेट निकासा नरोकिने गरी काम सम्पन्न गराउन पालिकाको ध्यान जान आबश्यक देखिन्छ । | |
| १४५.३ | | | निर्माण व्यबसायीसँग २०७८।१।२९ देखि २०८०।१।२८ सम्म निर्माण अवधि रहने गरी ठेक्का सम्झौता भएकोले सो अवधि सहित त्रुटी सुधार गर्ने अवधिसम्म बहाल रहने काम, कामदार र औजार सहितको बीमा गरेको कागजात पेश गर्नुपर्ने व्यबस्था भए पनि हालसम्म पेश गरेको छैन । यस्तो अबस्थामा निर्माण अबधिमा कुनै भवितव्य परेमा बीमाबाट क्षतिपूर्ति लिन कठिनाई हुने हुँदा बीमा गर्नुको उदेश्य पुरा हुने गरी वीमा गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| १४५.४ | | | सार्बजनिक खरिद ऐन,२०६३ को दफा ५२क. बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता पश्चान आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सकिने व्यबस्था छ। पेश्की दिँदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधार दिन सकिने । यसरी दिएको पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैक खाता मार्फत मात्र भुक्तानी हुने । आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकले पहिलो पटक पेश्की प्राप्त गरेको मितिले तीस दिनभित्र कार्य प्रारम्भ गरीसक्नु पर्ने र पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी उपलब्ध गराउनु पर्ने व्यबस्था छ । उक्त व्यबसायी रु.८२,००,०००।मोबिलाईजेसन पेश्की लिएको छ । उक्त पेश्की लिन पेश गरेको पेश्की जमानतको म्याद २०७९।७।२४ मा सकिए पनि पेश्की फस्यौंट नभएकोले उक्त पेश्की जोखिममा परेको छ । आबश्यक कारबाही गरी उक्त पेश्की तत्काल अशुल फस्यौंट हुनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १४५.५ | | | लेखापरीक्षण समय २०७९ पुस सम्ममा सम्झौता भएको १० महिना अर्थात करिब ८० प्रतिशत समय सकिन सके पनि निर्माण कार्य शुरु नगरेकोले प.स.२०७८।०७९ च.नं.२७५३ मिति २०७८।११।१८ को पत्रबाट सम्झौतामा पेश गरेको कार्य योजना (Work Schedule Plan) प्रतिबद्धता अनुरुप निर्माण कार्य ७ (सात) दिन भित्र संचालन गर्न हुन भनि पत्र पठाएको भए पनि काम शुरु मात्र गरेको तर कुनै भुक्तानी नदिएको जानकारी हुन आयो ।समयमा काम शुरु नगरे पनि समयमा काम सकिने स्थिति नभए पछि अनेक समस्या देखाएर निर्माण अबधि थप गर्नु पर्ने,मुल्य समायोजन लगायतका कारणले लागत र समय बढन गई अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सेवामा असर पर्ने हुँदा समयमा काम शुरु नगरेको व्यहोरा मुल्य समायोजन तथा म्याद थप गर्ने अबस्था आए यस व्यहोरालाई ध्यान दिने व्यबस्था हुनुपर्दछ । | |
| १४६ | | | **सामाजिक सुरक्षा भत्ता वितरण** | |
| १४६.१ | | | पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत विभिन्न ८ बैंकबाट जम्मा रू. २६,०७,६५,२७७।८३ वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन । | |
| १४६.२ | | | सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ । | |
| १४६.३ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण,लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने,प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमित रूपमा अनुगमन गर्नुपर्ने,केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष बैंक मार्फत रू. २६,०७,६५,२७७।८३ सामाजिक सुरक्षा वितरण गरेको छ। बैंकवाट वितरण गरेका लाभग्राहीको लगत अद्यावधिक नगरेका कारण बैंकमा पठाएको र बैंकले फिर्ता गरेको रकमसँग भिडान गर्ने अवस्था छैन। पालिकाले समयमै लगत अद्यावधिक नगरेका कारण बैंकलाई रकम निकासा गर्दा धेरै गर्ने र वितरण भई सकेपछि बैंकले ठुलो रकम फिर्ता गर्ने गरेको देखियो। यस सम्वन्धमा पालिकाले विवरणहरू एकिन गरि लगत अद्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| १४६.४ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। यस पालिकाले पालिकाभरीका लाभग्राहीहरूका लागि सामाजिक सुरक्षा भत्ता वितरणका लागि बैंक मार्फत रकम निकासा गरेको छ । पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरूको विवरण अपडेट गरि मृत व्यक्ति लगायत अन्य लाभग्राही व्यक्तिहरूको लगतकट्टा गरि बैंकलाई रकम जम्मा गर्न आवश्यक रकम निकासा गर्नुपर्नेमा सो कार्य नगरेकोले मृत्यु भएका व्यक्तीको खातामा समेत रकम जम्मा भए / नभएको एकिन हुन सकिएन ।आ.व २०७८/७९मा रु.९४,३३,७१९।५९ एकमुष्ट वैङ्कले मुत्यु भईसकेको व्यक्ती लगायत अन्य लगत | |

| | | | | |
|---|---|---|---|---|
| | | | कट्टा गरिएका व्यक्तीको खाताबाट खिचीएको देखाए पनी क - कसको खाताबाट खिचिएको पालिकाले बढी र नपाउने भत्ता बितरण भएको छैन भनि सुनिश्चित गर्नुपर्दछ । | |
| १४६.५ | | | सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको तर बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएबाट के कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन । बैंकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| १४७ | | | अनुगमन तथा सम्परीक्षण -<br><br>महालेखा नियन्त्रक कार्यालयले २०७६/७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी २०७६/४/९ मा परिपत्र गरेको थियो । बेरुजू लगत तथा संपरीक्षण अभिलेख प्रयोजनका लागि बेरुजु लगत खाता म.ले.प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म.ले.प. फा. नं. ८०५ लगायतका फारामहरु प्रयोगमा ल्याउनु पर्नेमा ल्याएको देखिएन। यस्तो अबस्थामा पालिकाको बेरुजूको लगत तथा सम्परीक्षणको अभिलेख व्यबस्थितरुपमा रहेको छ भनि बिश्वस्त हुने अबस्था रहेन। यसका लागि पालिकाले उक्त फारामहरु प्रयोगमा ल्याई बेरुजू लगत तथा सम्परिक्षणको अभिलेख व्यबस्थितरुपमा राख्ने व्यबस्था गर्नुपर्दछ। | |